मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## राष्ट्र सेवामा समर्पित हुनुस्: प्रधानमन्त्री

समाचार पृष्ठ ५ मा



वर्ष ४ | अंक १४२ | २०८२ साल चैत्र २७ गते शुक्रबार | Friday 10, April 2026 | सूर्योदय: बिहान ०५:५३ बजे | सूर्यास्त: साँझ ०६:२३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## श्रममन्त्री 'दीपक साह'को पद चैट

# पदीय मर्यादाको दुरुपयोग गरेको भन्दै पदमुक्त






**मधेशदृष्टि**
**जनकपुरधाम।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री दीपककुमार साह १३ दिनमै पदमुक्त भएका छन् । श्रीमतीलाई स्वास्थ्य बिमा बोर्डको सदस्य बनाउने प्रयास र विवादास्पद अभिव्यक्तिका कारण उनलाई पदबाट हटाइएको हो।

बालेन्द्र शाह नेतृत्वको सरकारमा चैत १३ गते मन्त्री नियुक्त भएका साहलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले 'राइट टु रिकल' व्यवस्था प्रयोग गर्दै फिर्ता बोलाएपछि प्रधानमन्त्री शाहले पदमुक्त गरेका हुन्।

मन्त्री साहले आफ्नी श्रीमती जुनु श्रेष्ठलाई स्वास्थ्य बिमा बोर्डको सदस्य बनाउन लबिङ गरेका थिए।

लामो समयदेखि निष्क्रिय रहेको बोर्डमा उनलाई पुनः सक्रिय गराउन खोजिएको विषयले विवाद उत्पन्न गरेको थियो। उक्त नियुक्तिमा निशा मेहता नेतृत्वको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समेत सहमति दिइएको बताइएको छ।

यद्यपि, सतहमा देखिएको विवाद श्रीमती नियुक्तिको भए पनि मन्त्री साहको सार्वजनिक अभिव्यक्तिप्रति समेत असन्तुष्टि बढेको थियो। १०औँ राष्ट्रिय बिमा दिवसको कार्यक्रममा उनले सरकार र कर्मचारीतन्त्रप्रति कडा टिप्पणी गर्दै स्वास्थ्य बिमा कार्यक्रमको वित्तीय अवस्था कमजोर रहेको र मन्त्रालयस्तरमै हस्तक्षेप हुने गरेको बताएका थिए । उनको उक्त अभिव्यक्तिलाई आफ्नो कार्यक्षेत्रभन्दा बाहिरको र असंयमित मानिएको थियो।

रास्वपाको अनुशासन आयोगले मन्त्री साहमाथि पदको दुरुपयोगसम्बन्धी विषयमा अध्ययन गरी चैत २५ गते कारबाहीका लागि सिफारिस गरेको थियो । पार्टी विधानअनुसार सभापतिलाई मर्यादा र अनुशासन कायम राख्ने जिम्मेवारी रहेको तथा आवश्यक परे 'राइट टु रिकल' प्रयोग गर्न सकिने व्यवस्था छ।

सोही आधारमा पार्टी सभापति रवि लामिछानेले प्रधानमन्त्रीलाई पत्र लेख्दै मन्त्री साहलाई पदबाट हटाउन सिफारिस गरेका थिए। साह महोत्तरी–२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन्।

यसैबीच, प्रधानमन्त्री शाहले स्वास्थ्य तथा जनसंख्या मन्त्री निशा मेहतालाई पनि सचेत गराएका छन्। रास्वपा सभापति लामिछानेको सिफारिसका आधारमा मन्त्री मेहतालाई जिम्मेवारीप्रति गम्भीरता नदेखाएको भन्दै चेतावनी दिइएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। मन्त्री मेहता पनि चैत १३ गते नै मन्त्रीमा नियुक्त भएकी थिइन्।

## २६ वर्षिया रुबी ठाकुरः

# उपसभामुख बन्ने लगभग निश्चित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामकी २६ वर्षीया रुबीकुमारी ठाकुर प्रतिनिधिसभाको उपसभामुख बन्ने लगभग निश्चित भएको छ । हर्क साम्पाङ नेतृत्वको श्रमसंस्कृति पार्टीबाट समानुपातिक सांसद रहेकी उनलाई राष्ट्रिय स्वतन्त्र पार्टीले पनि समर्थन जनाएपछि उनको उपसभामुख बन्ने बाटो खुलेको हो।

जनकपुरधामस्थित मुजेलियामा जन्मिएकी रुबी सामान्य परिवारबाट राजनीतिमा उदाएकी युवापुस्ताकी प्रतिनिधि पात्र हुन् । उनका बुवा वैदेशिक रोजगारीका लागि साउदी अरबमा कार्यरत छन् भने आमा गृहिणी हुन् । सीमित आम्दानी भएको परिवारमा हुर्किएकी रुबीले सानैदेखि जिम्मेवारी र संघर्षको जीवन बिताएकी छन्।

शिक्षातर्फ उनले एसईई उत्तीर्ण गरेपछि धनुषाकै बलरा पोलिटेक्निकबाट तीन वर्षे इन्जिनियरिङ डिप्लोमा पूरा गरिन् । त्यसपछि उनले एक वास्तुकला कन्सल्टेन्सी कम्पनीमा करिब सात महिना काम गर्दै मासिक २० हजार रुपैयाँ आम्दानी गरिन्, जसको केही हिस्सा परिवारको खर्चमा सहयोगका लागि पठाउने गर्थिन् । हाल उनी सिभिल इञ्जिनियरिङ अध्ययनरत छन् र भविष्यमा ब्याचलर (बीई) पूरा गर्ने योजना बनाएकी छन्।

उनको राजनीतिक यात्रा आकस्मिक रूपमा अघि बढेको हो। सामाजिक सञ्जालमार्फत् हर्क साम्पाङका गतिविधिहरूबाट प्रभावित हुँदै उनले समर्थन जनाउँदै आएकी थिइन् । यही क्रममा पार्टीले उनलाई मधेशी जनजाति क्लस्टरबाट समानुपातिक सांसदको उम्मेदवार बनायो । उनी पार्टीकी कान्छी सांसदसमेत हुन्।

गत फागुन २१ गते भएको चुनावी अभियानका क्रममा उनले धनुषा–४ मा सक्रिय रूपमा प्रचार गर्दै श्रमसंस्कृति पार्टीका पक्षमा मत मागेकी थिइन् । अहिले प्रतिनिधिसभामा उनको पार्टीका ७ जना सांसद रहेका छन् भने राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थनपछि उनी उपसभामुख बन्ने सुनिश्चित भएको हो। रुबीकुमारी ठाकुरले सामाजिक न्याय, महिला सशक्तीकरण, दाइजो प्रथा र बालविवाहजस्ता मुद्दालाई आफ्नो प्राथमिकतामा राख्दै आएकी छन्। उनले कानुनी रूपमा निषेध भए पनि व्यवहारमा दाइजो प्रथा कायम रहेको र मधेशमा बालविवाह पूर्ण रूपमा रोक्न नसकिएको उल्लेख गर्दै यी विषय संसद्मा उठाउने प्रतिबद्धता जनाएकी छन्। देशकै कान्छी सांसदका रूपमा चिनिएकी उनी अब उपसभामुखको जिम्मेवारी सम्हाल्दै सामाजिक कुरीति र अन्यायविरुद्ध संसद्मार्फत प्रभावकारी भूमिका खेल्ने तयारीमा छन्।

## जलेश्वर अस्पतालमा युवाहरुको धर्ना

# भागवण्डामा अध्यक्ष नियुक्त गरिएको आरोप

**मधेशदृष्टि**
**महोत्तरी।**
प्रादेशिक अस्पताल जलेश्वर को सुधारको माग गर्दै तथा व्यवस्थापन समितिको अध्यक्ष नियुक्तिको विरोधमा स्थानीय युवा आन्दोलित भएका छन् । प्रदेश सरकारले अस्पताल व्यवस्थापन समितिको अध्यक्षमा रोहितप्रसाद ठाकुरलाई नियुक्त गरेपछि असन्तुष्ट युवाहरूले अस्पताल प्रशासनमा तालाबन्दी गर्दै धर्ना कार्यक्रम सुरु गरेका हुन्।

आन्दोलनरत युवाहरूले अध्यक्ष नियुक्ति पारदर्शी ढंगले तथा स्थानीय युवा वा स्वास्थ्य क्षेत्रका विज्ञबाट हुनुपर्ने आफ्नो माग बेवास्ता गरिएको आरोप लगाएका छन् । उनीहरूका



अनुसार विगत एक वर्षदेखि अस्पताल सुधारको माग गर्दै विभिन्न दबाबमूलक कार्यक्रम सञ्चालन हुँदै आएको थियो।

युवाहरूले स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा पनि राजनीतिक भागबण्डाका आधारमा नियुक्ति गरिनु दुःखद रहेको बताएका छन् । उनीहरूले स्वास्थ्य क्षेत्रमा विज्ञ नेतृत्वको अभावका कारण अस्पतालको सेवा कमजोर बन्दै गएको र जलेश्वर अस्पताल 'रेफर अस्पताल'को रूपमा सीमित हुँदै गएको आरोपसमेत लगाएका छन्।

यसअघि आन्दोलनरत पक्षले जिल्ला प्रशासन कार्यालय महोत्तरी तथा प्रदेशका स्वास्थ्य मन्त्री जंगीलाल रायसमक्ष ज्ञापनपत्र बुझाउँदै ध्यानाकर्षण गराएका थिए। तर, माग सम्बोधन नभएपछि आन्दोलन थप चर्किएको हो । आन्दोलनकारीहरूले वर्तमान नियुक्ति निर्णय फिर्ता लिन र आफूहरूको माग पूरा गर्न आग्रह गर्दै त्यसो नभएसम्म धर्ना जारी राख्ने तथा आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी दिएका छन्।

## भेपभित्र सुन तस्करी काण्डः

# पूर्वसभामुख सहित २९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

## ७ करोड ७८ लाख बिगो माग

**मधेशदृष्टि**
**काठमाडौं।**
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयसँग जोडिएको बहुचर्चित सुन तस्करी प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ठूलो कदम चालेको छ । पूर्वसभामुख कृष्णबहादुर महरा, उनका छोरा राहुल महरा सहित २९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ, जसले प्रकरणलाई थप गम्भीर मोडमा पु¥याएको छ।



अख्तियारले भन्सार प्रशासनतर्फ प्रमुख भन्सार प्रशासक अरुण पोखरेल, प्रमुख भन्सार अधिकृतहरू मुक्तिप्रसाद श्रेष्ठ र अम्बिकाप्रसाद खनाल, साथै भन्सार अधिकृतहरू रमेशकुमार खतिवडा र सुबेन्द्र श्रेष्ठलाई प्रत्यक्ष संलग्न देखाउँदै मुद्दा चलाएको छ।

यससँगै नासुहरू सुवर्णाप्रभा केसी, भुवनराज घिमिरे, उमेशप्रसाद कोइराला, रेवन्त खड्का र मधुसुदन पोखरेल पनि आरोपको घेरामा परेका छन्।

यस प्रकरणमा महरा र उनका छोरा राहुलसँगै निर्मलकुमार विक, लोकेन्द्रकुमार पौडेल, दिपेश बस्नेत, गोपाल सुवेदी, दिनेश बस्नेत, वेदप्रकाश अग्रवाल, रामकेशव थापा, अमृत कार्की र निमा गुरुङमाथि पनि मुद्दा दायर गरिएको छ । त्यस्तै प्रेरणा थापा, ललिता

बाँकी पृष्ठ २ मा

## सरकारी गतिविधि प्रकाशनमा रोक लगाउन

# पत्रकारहरुको सल्लाह

**हरिशंकर शर्मा**
**वीरगंज।**
पर्साका पत्रकारहरुले सरकारी निकायको कुनैपनि गतिविधि प्रकाशन नगर्न सल्लाह दिएका छन् । नेपाल सरकारले सरकारी सूचना सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्न गरेको निर्णयको विरुद्धमा पत्रकार महासंघ पर्सा शाखामा आयोजित छलफल तथा सल्लाह सुझाव संकलन कार्यक्रममा सहभागी पत्रकारहरुले सो सल्लाह दिएका हुन्।

छलफलमा सहभागी पत्रकारहरुले सरकारलाई सूचना प्रकाशन गर्न सरकारी मिडिया चाहिने तर समाचारको लागि निजी मिडिया चाहिने ? भन्दै सरकारको कुनै किसिमको गतिविधिलाई निजी मिडियामार्फत प्रकाशन प्रशारणमा रोक लगाउनुपर्ने सुझाव दिएका थिए। निजी मिडिया संचालनको लागि सरकारले नै अधिकार दिएको र



अहिले आएर निजी मिडियामाथि सरकारले नै अँकुश लगाउन खोजेको आरोप लगाउँदै सरकारी मिडियालाई पाल्ने मात्रै सरकारले कार्य गरि रहेको बताएका थिए।

सूचना प्रकाशन प्रशारणमा कहिँ कतै कमजोरी भएको होला, तर त्यसको कारण सम्पूर्ण निजी मिडियाको आयश्रोत नै बन्द गर्ने सरकारको निर्णय गलत रहेको भन्दै अब ज्ञापन पत्र, कालोपट्टि बाँधेर विरोध गर्नुभन्दा पनि निजी पत्रपत्रिका बन्द नै गरेर विरोध गर्नुपर्ने सुझाव दिएका थिए।

सरकारको उक्त निर्णयले निजी सञ्चारमाध्यम र त्यहाँ कार्यरत पत्रकारहरू अन्यायमा परेको बताउँदै सहभागी पत्रकारहरुले सरकारी विज्ञापनलाई व्यवस्थित र नियमन गर्नुपर्नेमा उल्टै निजी सञ्चारमाध्यमलाई नै वञ्चित गर्ने प्रयास भएको भन्दै आपत्ति जनाएका थिए। यस्तो निर्णय कार्यान्वयन भए धैरै निजी सञ्चारमाध्यम बन्द हुने अवस्था आउन सक्ने र ठूलो संख्यामा पत्रकारहरूको रोजगारी समेत गुम्न सक्ने भन्दै सरकारले उक्त निर्णय तत्काल फिर्ता लिनुपर्ने माग गरेका थिए।

सरकारले संघीय मन्त्रालय, आयोग, सचिवालय, प्रदेश तथा स्थानीय तहलाई सरकारी सञ्चारमाध्यममा मात्र सूचना प्रकाशन गर्न निर्देशन दिएको परिपत्रको विरोध गर्दै उक्त निर्णय तत्काल फिर्ता गराउन दबाब सिर्जना गर्ने उद्देश्यले आयोजित छलफल तथा सुझाव संकलन कार्यक्रममा पर्सा जिल्लाबाट प्रकाशित तथा प्रसारित दैनिक, साप्ताहिक र अनलाइन सञ्चारमाध्यमका प्रकाशक तथा सम्पादकहरूको सहभागिता रहेको थियो।

नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासंघ मधेश प्रदेशका सचिव दिपक गौतम, प्रेस चौतारीका केन्द्रीय सदस्य विजय भण्डारी, प्रेस सेन्टर मधेश प्रदेशका अध्यक्ष निरज पिठाकोटे मगर, समाजवादी प्रेस संगठन मधेश प्रदेशका अध्यक्ष मनोज पटेल, पर्सा जिल्ला अध्यक्ष शम्भु कुमार सुमन लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन पत्रकार महासंघ पर्साका सचिव विजय चौहानले गरेका थिए।



# विना प्रमाण नियन्त्रणमा लिएको भन्दै आपत्ति

**मधेशदृष्टि**
**रौतहट ।**
गौर र चन्द्रपुर क्षेत्रका मालपोत कार्यालयसँग सम्बन्धित घटनामा पाँच जना लेखापढी व्यवसायीलाई बिना ठोस प्रमाण नियन्त्रणमा लिएको भन्दै पेशागत संघ–संस्थाले आपत्ति जनाएका छन् । उनीहरूले तत्काल रिहाइको माग गर्दै जिल्ला प्रशासन कार्यालय रौतहटमा ज्ञापनपत्र बुझाएका छन् ।
गौरबाट चार जना र चन्द्रपुरबाट एकजना व्यवसायीलाई प्रहरीले नियन्त्रण लिएको घटनाप्रति व्यवसायीहरूले विरोध जनाएका हुन् । अदालतबाट वैधानिक लाइसेन्स प्राप्त गरी मालपोत कार्यालयमार्फत भू–सेवा केन्द्र सञ्चालन गर्दै आएका व्यवसायीमाथि गरिएको कारबाही अन्यायपूर्ण रहेको पेशागत संगठनको तर्क छ ।
नेपाल लेखापढी कानून व्यवसायी एसोसिएशन गौर–रौतहटका अध्यक्ष हरिनारायण साह, चन्द्रपुर इकाइ अध्यक्ष दिननारायण चौधरी, गरुडा इकाइ अध्यक्ष हेमलाल साह र मौलापुर इकाइ अध्यक्ष बालेकिस्मत यादवलगायतका प्रतिनिधिहरूको सहभागितामा ज्ञापनपत्र बुझाइएको हो ।
व्यवसायीहरूले सेवा प्रवाहमा सहयोग गर्दै आएका व्यक्तिहरूमाथि अचानक गरिएको नियन्त्रणले पेशागत प्रतिष्ठामा आँच पुगेको दाबी गरेका छन् ।

# 'टेलिकम प्याकेज' सकिएपछि पनि सेवा निरन्तरतासम्बन्धी सुविधा आफैँले छनोट गर्नसक्ने

**काठमाडौँ।**
नेपाल टेलिकमले जिएसएम प्रिपेड तथा पोस्टपेडका ग्राहकहरुले प्याकेज खरिद गरेर वा नियमित शुल्क भुक्तानी गरी डेटा सुविधा प्रयोग गरिरहेकामा अब प्याकेज खरिद गरेका ग्राहकरुले आफैँले 'पे–जी' सुविधा सक्रिय वा निष्क्रिय गर्नसक्ने व्यवस्था गरेको छ।
प्याकेजमा आधारित विभिन्न सुविधा लिएका ग्राहकले प्याकेज समाप्ति पछि पनि सेवा निरन्तरता हुने वा सेवा बन्द हुने भन्नेसम्बन्धी छनोट गर्ने अवस्थालाई 'पे–जी' सुविधा भनिन्छ। अबदेखि ग्राहकले आफ्नो चाहनाअनुसार सो सुविधा सक्रिय वा निष्क्रिय पार्न सक्ने टेलिकमले जनाएको छ । यसका लागि ग्राहकले आफ्नो मोबाइलबाट ८४४४३ डायल गर्नुपर्नेछ । त्यसपछि ४ अङ्क छनोट गरे पछि यो सुविधा सक्रिय, निष्क्रिय गर्न र यसको अवस्था थाहा पाउन क्रमशः १, २ र ३ डायल गर्नुपर्नेछ।
प्याकेज खरिद गरेका ग्राहकले 'पे–जी' सुविधा निष्क्रिय गराएको अवस्थामा प्याकेज सकिए पछि मुख्य ब्यालेन्सबाट डेटा चल्ने छैन। पे–जी सुविधा सक्रिय गराएको अवस्थामा प्याकेज सकिए पछि पनि डेटा सेवा निरन्तर चल्नेछ। प्याकेज नलिई डेटा चलाउन आवश्यक भएका ग्राहकहरुले भने यो सुविधा सधैँ सक्रिय राख्नुपर्नेछ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सुधारात्मक कार्ययोजनाको बुँदा नम्बर ४ मा समेत सो सुविधा 'निष्क्रिय गर्ने विकल्प दिइने' भन्ने उल्लेख छ । मन्त्रालयको निर्देशनअनुसार पनि कम्पनीले उक्त सुविधा निष्क्रिय गर्ने विकल्प उपलब्ध गराइएको टेलिकमका प्रवक्ता रवीन्द्र मानन्धरले जानकारी दिए। आगामी दिनमा नेपाल टेलिकम 'एप'बाट यो सेवा सक्रिया वा निष्क्रिय गर्न सकिने विकल्प क्रमशः उपलब्ध हुने कम्पनीले जनाएको छ।
प्रिपेड तथा पोष्टपेड ग्राहकले 'डेटा प्याकेज' लिएको अवस्थामा अब ९० प्रतिशत खपत भएपश्चात् एसएमएसबाट जानकारी पाउनेछन्। यसअघि 'डेटा भोल्युम' ८० प्रतिशत खपत भएको अवस्थामा, डेटा भोल्युम समाप्त भएपश्चात् वा डेटा प्याकेजको समयावधि समाप्त भएपश्चात् ग्राहकहरुलाई जानकारी दिन एसएमएस पठाउने सुविधा थियो।
यसअघि डेटा प्याकेजको भोल्युम वा समयावधि समाप्त भएपश्चात् ग्राहकहरुले डेटा सेवाको प्रयोग निरन्तर राखेमा 'मेन ब्यालेन्स'बाट डेटा चल्ने र चलेको भोल्युमअनुसार शुल्क काटिने व्यवस्था थियो । टेलिकमले प्रिपेड तथा पोस्टपेड ग्राहकको मागबमोजिम विभिन्न प्रकारका डेटा प्याकेज उपलब्ध गराउँदै आएको छ। रासस

# लागुऔषध ब्राउनसुगरसहित तीनजना पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
सिराहा नगरपालिका–१५ बुधौराबाट प्रहरीले लागुऔषध ब्राउन सुगरसहित तीन युवकलाई पक्राउ गरेको छ ।
भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा प्रहरी चौकी खिरौनाबाट खटिएको गस्ती टोलीले शङ्कास्पद मोटरसाइकल जाँच गर्ने क्रममा उक्त पदार्थ बरामद गरेको हो ।
प्रहरीका अनुसार पक्राउ पर्नेहरूमा धनगढीमाई–३ का १९ वर्षीय अभिषेक मुखिया, गोलबजार–१२ का १९ वर्षीय अभिषेक मुखिया र २१ वर्षीय अरविन सिंह रहेका छन् । उनीहरू सवार मोटरसाइकलको इन्धन ट्याङ्कीको बिर्कोभित्र लुकाएर राखिएको अवस्थामा ब्राउन सुगर फेला परेको थियो ।
बरामद गरिएको पदार्थको तौल प्लास्टिकसहित ४ ग्राम ६० मिलिग्राम र शुद्ध तौल २ ग्राम ५०० मिलिग्राम रहेको प्रहरीले जनाएको छ ।
पक्राउ परेका तीनै जनालाई जिल्ला प्रहरी कार्यालय सिराहा मा राखेर थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक ओमप्रकाश पण्डितले जानकारी दिएका छन् ।

# मधुवारोगको कारण आँप उत्पादनमा ह्रास हुने अनुमान

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश कृषि विकास निर्देशनालय जनकपुरधामले आँपको रुखमा मधुवारोग लागेका कारण आँप उत्पादनमा ह्रास आउने अनुमान गरेको छ ।
समयमा वर्षात् नभएको र हावाहुरीले पनि आँप उत्पादनमा ह्रास आउन सक्ने निर्देशनालयले जनाएको हो ।
यस वर्ष मधेश प्रदेशमा आँपका रुखमा मजर अर्थात् फूल अत्यधिक लागेको थियो तर मधुवा रोगले समस्या उत्पन्न भएको हो ।
निर्देशनालयका अनुसार प्रदेशका आठवटै जिल्लामा गत वर्षको तुलनामा यस वर्ष करिब ६० प्रतिशतभन्दा बढी उत्पादन हुने अनुमान गरिएको थियो ।
तर रोगले गर्दा अनुमान अनुसार उत्पादन नहुने अवस्था सिर्जना भएको निर्देशनालयका अधिकृत सन्दीप ठाकुरले बताए ।

# सार्वजनिक जग्गा अतिक्रमित संरचना हटाउन निर्देशन

**मधेशदृष्टि**
**कलैया ।**
जिल्ला प्रशासन कार्यालय बाराले कारागार शाखाको नाममा दर्ता रहेको सरकारी जग्गामा भएको अतिक्रमण हटाउन सूचना जारी गरेको छ । कार्यालयले अतिक्रमित संरचना एक महिनाभित्र हटाउन निर्देशन दिँदै कानुनअनुसार कारबाही गर्ने चेतावनीसमेत दिएको छ ।
प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र द्वारा हस्ताक्षरित सूचनामा कलैया उपमहानगरपालिका वडा नं. ४ (साविक कलैया गा.वि.स. वडा नं. ५) स्थित कारागार शाखा कार्यालयको नाममा दर्ता रहेको कित्ता नं. १०३, १०२ र ४४४ का सरकारी जग्गामा अतिक्रमण भएको उल्लेख छ ।
स्थलगत निरीक्षण तथा नापजाँचका क्रममा उक्त जग्गामा विभिन्न व्यक्तिहरूले लामो समयदेखि बिना अनुमति स्थायी तथा अस्थायी संरचना निर्माण गरी प्रयोग गर्दै आएको पाइएको प्रशासनले जनाएको छ । तोकिएको समयभित्र अतिक्रमण नहटाइएमा प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गरिने प्रशासनले चेतावनी दिएको छ ।

# छोटो अवधिमा पाक्ने धानको खोजी



**जनकपुरधाम।**
धान उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने उद्देश्यका साथ धनुषाको हर्दिनाथस्थित राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमले छोटो अवधिमा पाक्ने तथा उच्च उत्पादन दिने धानका विभिन्न जातको परीक्षण सुरु गरेको छ । 'कोपिया परियोजना' अन्तर्गत धनुषाको बटेश्वरमा किसानसँगको सहकार्यमा यो परीक्षण अघि बढाइएको हो।
नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) की वरिष्ठ वैज्ञानिक डा पल्लवी सिंहका अनुसार जलवायु परिवर्तनका कारण खेती प्रणालीमा देखिएका चुनौतीलाई सम्बोधन गर्न छिटो पाक्ने र उत्पादन क्षमता बढी हुने धानका जातको खोजी तथा परीक्षण थालिएको हो । 'परीक्षण सफल भए उत्पादन वृद्धि मात्र होइन, समयमै बाली भित्र्याउन सकिने भएकाले किसानलाई प्रत्यक्ष लाभ पुग्छ', उनले बताए।
वरिष्ठ वैज्ञानिक डा सिंहका अनुसार किसानको अनुभवलाई अनुसन्धानसँग जोड्न बटेश्वरमा प्रत्यक्ष खेतमै धानका बिरुवा रोपिएको छ । परीक्षणमा सहभागी किसानले आफ्नै खेतमा विभिन्न जातका धान रोपेर तिनको वृद्धि, उत्पादन क्षमता तथा रोगप्रतिरोधी अवस्थाको अवलोकन गरिरहेका छन् । किसानका अनुभव, आवश्यकता र प्राथमिकताका आधारमा उपयुक्त जात छनोट गरिने व्यवस्था गरिएको छ ।अनुसन्धान कार्यक्रम हर्दिनाथका सूचना अधिकारी तथा वरिष्ठ प्राविधिक रवेन्द्रप्रसाद साहले हालसम्म छोटो अवधिमा उत्पादन दिने धानमध्ये 'हर्दिनाथ–१' प्रमुख जात रहेको जानकारी दिए। उनका अनुसार उक्त जात करिब १०५ दिनमै पाक्ने गर्दछ। 'यसभन्दा कम अवधिमा तयार हुने धानको पहिचान गर्ने लक्ष्यका साथ परीक्षण अघि बढाइएको हो', उनले भने ।अनुसन्धान केन्द्रको परिसरका साथै चयन गरिएका किसानका खेतमा समेत विभिन्न धानका जात रोपेर परीक्षण भइरहेको छ । यसले प्रयोगशालामा सीमित अनुसन्धानलाई खेतसम्म विस्तार गर्दै किसानको व्यावहारिक अनुभवलाई अनुसन्धान प्रक्रियामा समेट्ने काम गर्ने विश्वास गरिएको सूचना अधिकारी साहको भनाइ छ।
स्थानीय हावापानी अनुकूल, कम पानीमै उत्पादन दिन सक्ने तथा जलवायु परिवर्तनसँग अनुकूलित धानका जात पहिचान गर्न यस परीक्षणले सहयोग पु¥याउने अपेक्षा गरिएको छ । साथै, विशेषगरी चैते धानको उत्पादन वृद्धि गर्न जोड दिइएको उल्लेख गर्दै सूचना अधिकारी साहले यसले वर्षभरि धान उत्पादन प्रणाली सुदृढ बनाउने, खाद्य सुरक्षामा टेवा पु¥याउने तथा किसानको आम्दानी बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । रासस

# प्रहरीमा दर्ता जाहेरी तथा निवेदनको प्रगति अब 'फोन वा एसएमएस'बाटै

**काठमाडौँ ।**
तपाईंले प्रहरीमा कुनै गुनासा, उजुरी तथा जाहेरी दिएर त्यसको कार्यान्वयन कहाँसम्म पुग्यो भनी जानकारी लिन हैरानी झेल्नुभएको छ ?
यदि त्यस्तो समस्यामा पर्नुभएको छ भने अब त्यस्ता समस्या बेहोरिरहनु पर्ने छैन । अब त्यो जानकारी तपाईंको मोबाइलमै आइपुग्ने छ ।
नेपाल प्रहरीले अब मातहतका निकायमा प्राप्त भएका निवेदन, गुनासा तथा जाहेरीको प्रगतिबारे 'फोन वा एसएमएस'बाटै जानकारी दिने भएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले अब नागरिकका सेवा प्रभावकारी बनाउन फोन वा एसएमएसबाटै जानकारी दिने व्यवस्था सुरु गरिएको बताएका छन् ।
प्रहरी प्रधान कार्यालयले एक सूचनामार्फत भनेको छ, 'मुद्दा दर्ता हुने प्रहरी एकाइहरूसम्म सेवाग्राहीबाट प्राप्त हुन आएका उजुरी, निवेदन, गुनासो, जाहेरी दरखास्त आदि दर्ता भएपश्चात् त्यसको प्रगति के भयो र के–कसरी कार्यान्वयन भइरहेको छ भनेर सम्बन्धित सेवाग्राहीहरूले दिनुभएको सम्पर्क नम्बरमा फोन गरेर वा एसएमएसमार्फत सूचना दिने व्यवस्था लागू गरिएको व्यहोरा जानकारी गराउँदछौँ ।'
यसरी जानकारी दिँदा सेवाग्राहीहरू प्रहरी कार्यालयमा आउनु नपर्ने भएकाले समयको बचत हुने प्रहरीको निष्कर्ष छ । रासस

# विद्यार्थीबाट गैरकानुनी रुपमा सङ्कलन गरिएको शुल्क फिर्ता गर्न मन्त्रालयको निर्देशन




**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गैरकानुनी रूपमा सङ्कलन गरिएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न सम्बन्धित सबैलाई निर्देशन दिएको छ । मन्त्रालयले बुधबार विज्ञप्ति जारी गरी केही संस्थागत विद्यालयहरूले प्रचलित कानुन तथा सम्मानित सर्वोच्च अदालतको आदेशविपरीत हुनेगरी शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र स्वीकृत मापदण्डभन्दा बढी शुल्क असुली गर्ने गरेको गुनासो आएकाले उक्त रकम फिर्ता गर्न निर्देशन दिएको हो ।
मन्त्रालयले भनेको छ, 'कारबाही प्रक्रियाका सम्बन्धमा यस मन्त्रालयको मिति २०८२/१२/२२ गतेको प्रेस विज्ञप्तिमार्फत सम्बन्धित सबैलाई र मूलतः सबै स्थानीय तहहरूलाई अनुरोध गरिसकिएको छ, तथापि केही संस्थागत विद्यालयबाट अझै पनि कानुनविपरीत शुल्क लिने कार्य निरन्तर रहेको गुनासो आएको सन्दर्भमा शिक्षा ऐन (संशोधनसहित), २०२८ को दफा १६ घ (६) बमोजिम गैरकानुनी रुपमा सङ्कलन गरिएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न सम्बन्धित सबैलाई निर्देश गरिन्छ ।' मन्त्रालयले कुनै पनि विद्यालयले यो निर्देशनभन्दा अन्यथा गरेको पाइएमा सोही ऐनको दफा १६ घ (७) को प्रावधान तथा अन्य प्रचलित कानुनबमोजिम थप कारबाही प्रक्रिया अगाडि बढाउन पर्ने अवस्थामा गृह मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू र स्थानीय तहहरूबाट आवश्यक समन्वयका लागि पनि अनुरोध गरेको छ ।
साथै, मन्त्रालयले विद्यार्थीको शुल्कसम्बन्धी सिकायत एवम् गुनासोको 'रिपोर्टिङ' तथा सहजीकरण प्रयोजनका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा 'सहायता कक्ष' स्थापना गरिएकाले सोही कक्षमा फोन गरी थप सहायता प्राप्त गर्न सकिने र सम्पर्क व्यक्ति निर्देशक निमप्रकाश सिंह राठौर (फोन ९८५१२१४६३८ इमेल ratthour@gmail.com) लाई सम्पर्क गर्न सूचित गरेको छ ।

# जिप दुर्घटना हुँदा दुईको मृत्यु, छ घाइते

**कञ्चनपुर ।**
कञ्चनपुरको कृष्णपुर नगरपालिकामा जिप दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ भने छ जना घाइते भएका छन् । बिहीबार साँझ करिब ०६꞉०५ बजे कृष्णपुर नगरपालिका–१ कुमगडाको भित्री कच्ची सडकमा से१ज २९० नम्बरको जिप अनियन्त्रित भइ अन्दाजी ५० मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी निरिक्षक वीरेन्द्र थापाले जानकारी दिए । दुर्घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थलमा पुगेको थियो ।
दुर्घटनामा कृष्णपुर नगरपालिका–१ का अन्दाजी ६० वर्षीय नन्दराम पार्की र सोही स्थानकी ६२ वर्षीया कलावती देवी बोहराको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । जिपमा चालकसहित आठ जना सवार थिए । दुर्घटनामा चालक २४ वर्षीय अर्जुन साउद गम्भीर घाइते भएका छन् । साउदको टाउको तथा शरीरमा गम्भीर चोट लागेको प्रहरीले जनाएको छ । त्यसैगरी ३५ वर्षीया धनसरी बोहरा, १३ वर्षीया सरिता बोहरा, १५ वर्षीया भावना पार्की, १४ वर्षीया रेश्मा घटाल र भिमदत्त नगरपालिका तिल्केनीकी ५० वर्षीया गंगा बिष्ट घाइते भएका छन् । उनीहरूको अवस्था मध्यम रहेको बताइएको छ ।
घाइतेहरूलाई कृष्णपुर नगरपालिकाको एम्बुलेन्समार्फत उपचारका लागि धनगढी, कैलाली पठाइएको प्रहरीले जनाएको छ । रासस

# भक्तपुरलाई पर्यटन र स्वास्थ्यको हब बनाइने



**भक्तपुर।**
बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले भक्तपुरलाई आन्तरिक तथा बाह्य पर्यटनको हबका रुपमा विकास गर्दै आर्थिक रुपमा सबल बनाउन मेला र महोत्सवबाट टेवा पुग्ने बताएका छन्।
औद्योगिक शान्ति नेपाल संस्था र मध्यपुर ब्वाइज ब्याण्डको आयोजनामा सल्लाघारीको चौरमा सुरु भएको १०औँ 'भक्तपुर औद्योगिक, सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सव' बिहीबार उद्घाटन गर्दै मन्त्री थापाले भक्तपुरलाई पर्यटनका साथै स्वास्थ्यको हब बनाइने बताए । यसअन्तर्गत मन्त्रालयले भक्तपुर अस्पताललाई विशेषज्ञ अस्पतालका रुपमा सुबिधा सम्पन्न बनाइएको उनको भनाइ थियो।
सूर्यविनायक नगर अस्पताललाई ट्रमा अस्पतालका रुपमा विकास गर्न लागिएको उल्लेख गर्दै मन्त्री थापाले बिरामीले उपचार नपाएर ज्यान जाने अवस्थाको अन्त्य गरिने बताए । महोत्सवका संयोजक दिपक थापाले महोत्सवको विशेष आकर्षण 'लन्डन ब्रिज' रहेको बताए । भक्तपुरलाई उद्योग, संस्कृति र कृषि क्षेत्रको सङ्गमका रूपमा स्थापित गर्ने उद्देश्यले एक दशकदेखि भक्तपुरमा नयाँ वर्षको अवसरमा महोत्सव आयोजना हुँदै आएको बताए।
औद्योगिक शान्ति नेपाल संस्थाका अध्यक्ष सन्दिप महतले १८० भन्दा बढी कक्ष रहेको महोत्सवमा दैनिक उपभोग्य सामान, खाद्यान्न, लत्ताकपडा, जुत्ता, कृषि तथा हस्तकला सामग्री, स्थानीय घरेलु उत्पादन, औद्योगिक उत्पादन, सूचना प्रविधि, कृषि औजार, मोबाइल, विभिन्न परिकारसहितको खाना महोत्सवका साथै साङ्गीतिक कार्यक्रमसमेत प्रस्तुत गरिने जानकारी दिए। रासस

# त्रिभुवन विमानस्थलमा 'एईडी' मेसिन जडान

**काठमाडौँ।**
दक्षिण एसियाली स्वास्थ्य समुन्नति कार्यक्रम (हाप्सा) नेपालले मुटुको धड्कन अचानक बन्द हुने अवस्थामा मुटुको प्राथमिक उपचारका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'अटोमेटेड एक्सटर्नल डफिब्रुलेटर' मेसिन जडान गरेको छ।
आपतकालिन् स्वास्थ्य सेवा सुदृढीकरणका लागि हाप्सा नेपालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसँगको सहकार्यमा अन्तर्राष्ट्रिय प्रस्थान क्षेत्रमा बिहीबार उक्त मेसिन जडान गरेको हो।
मुटुको धड्कन अचानक बन्द हुने अवस्थामा विद्युतीय झड्का दिएर उपचार गर्ने मेसिनलाई 'एईडी' मेसिन भनिन्छ।
हाप्सा नेपालका संस्थापक डा रामु खरेलले मुटुको धड्कन अचानक बन्द हुने अवस्था विश्वभर प्रमुख कारण रहेको बताए। उनले मुटुको धड्कन अचानक बन्द हुने अवस्था आएमा एईडी मेसिनमार्फत प्राथमिक उपचार गर्न सकिने भएकाले विमानस्थलमा उक्त मेसिन जडान गरिएको बताए।
उक्त मेसिन तालिम प्राप्त व्यक्तिले मात्र नभई साधारण नागरिकले समेत प्रयोग गर्न सक्ने हाप्सा नेपालले जनाएको छ । विमानस्थलमा जडान गरिएको एईडी मेसिनमा स्पष्ट निर्देशनहरु र 'क्यूआर' समावेश गरिएकाले आपतकालिन् अवस्थामा प्रयोग गर्ने तरिका भिडियोमार्फत तुरुन्त सिक्न सकिनेछ।
हाप्सा नेपालले हालसम्म सशस्त्र प्रहरी बलका दुई हजारभन्दा बढी अधिकृत तथा जवानलाई आकस्मिक उपचार विधि (सिपिआर) तालिम, विद्यालयमा सिपिआर तालिम प्रदान गरिसकेको छ । यसैगरी, शिक्षा मन्त्रालयका पाठ्यक्रममा आकस्मिक उपचारसम्बन्धी कार्यक्रम समावेश गरिरहेको छ । रासस

# भेपभित्र सुन तस्करी काण्ड..............................

थापा, दिपिका थापा लगायत विदेशी नागरिकहरू चिनियाँ लि हाङ सोङ, दोजिङ वाङ, बेल्जियमका दावा छिरिङ तथा भारतीय नागरिक साहेव राव पाण्डुरङ पनि अभियोगमा समेटिएका छन्। डेक्टर ट्राभल्स एण्ड टुर्स प्रालि विरुद्ध समेत कारबाही अघि बढाइएको छ।
यो प्रकरणको जरो १० पुस २०७९ मा देखिएको थियो, जब फ्लाई दुबईमार्फत आएका चिनियाँ नागरिक लि हाङ सोङले दुई वटा सुटकेसभित्र ७३० वटा इलेक्ट्रोनिक चुरोट (भेप) ल्याएका थिए। ती भेपभित्र सुन लुकाएर तस्करी गरिएको र त्यसमा भन्सार कर्मचारीहरूको मिलेमतो रहेको अख्तियारको ठहर छ। शंकास्पद वस्तुको अनिवार्य भौतिक जाँच नगरी तस्करहरूसँगको साँठगाँठमा चेकजाँच नै टारिएको आरोप पनि लगाइएको छ।
अख्तियारका अनुसार बरामद सामग्रीलाई नियमअनुसार गोदाममा राख्नुपर्नेमा त्यसो नगरी प्रमुख भन्सार अधिकृतकै कार्यकक्षमा राखिएको थियो। यसबीच सुन छुटाउने समूहसँग अस्वाभाविक भेटघाट र बारम्बार फोन सम्पर्क भएको तथ्य पनि अनुसन्धानले देखाएको छ। अझ गम्भीर कुरा के भने, शंकास्पद सामग्री करिब १९ दिनसम्म भन्सारमै रोकेर पछि मात्र मुद्दा तथा लिलामी शाखामा पठाइएको र त्यस अवधिमा सीसीटीभी कभरेज नभएको स्थानमा सारिएको आरोप छ। अख्तियारले यो प्रकरणमा ८ किलो ४८० ग्राम सुन तस्करी भएको निष्कर्ष निकाल्दै करिब ७ करोड ७८ लाख ६८ हजार रुपैयाँ बराबरको हिनामिना भएको दाबी गरेको छ। भन्सारका कर्मचारीहरूलाई प्रत्यक्ष भ्रष्टाचारको आरोप लगाइएको छ भने महरा, उनका छोरा राहुल लगायतलाई मतियारको रूपमा अभियुक्त बनाइएको छ।
अख्तियारले विशेष अदालतमा दायर गरेको मुद्दामा महरासहितका प्रतिवादीसँग ७ करोड ७८ लाख रुपैयाँ बिगो माग गरिएको छ। चिनियाँ गिरोहसँगको सम्बन्ध र आर्थिक कारोबारको प्रमाण फेला परेपछि मात्रै मुद्दा अघि बढाइएको जनाइएको छ। २०७९ सालमै भेपको आवरणमा सुन भित्र्याउने प्रयास भन्सारमै समातिएपछि सुरु भएको अनुसन्धानले अन्ततः उच्च तहसम्मको संलग्नता उजागर गरेको हो। यस घटनाले नेपालमा संगठित सुन तस्करी र प्रशासनिक मिलेमतोबारे गम्भीर प्रश्न उठाएको छ।

# चुरे संरक्षणको माग गर्दै धर्ना, सरकारप्रति अभियानको असन्तुष्टि



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले वर्तमान सरकार जनतामैत्री नभएको आरोप लगाउँदै काठमाडौंको माईतीघर मण्डलामा दुई दिने धर्ना कार्यक्रम सम्पन्न गरेको छ । झण्डै दुई तिहाइ बहुमतसहित गठन भएको सरकारलाई 'जनताको सरकार' भनिए पनि व्यवहारमा जनताको पहुँचबाट टाढा रहेको भन्दै अभियानले विरोध जनाएको हो। अभियानले सिंहदरबार जनताको पहुँचबाट टाढा बनाइएको आरोप लगाउँदै माईतीघरलाई 'जनताको सिंहदरबार' का रूपमा प्रतीकात्मक स्थलका रूपमा चयन गरेको जनाएको छ । धर्नाका क्रममा अभियानले सरकारलाई ९ बुँदे ध्यानाकर्षण पत्रसमेत पेश गरेको छ।

उक्त पत्रमा चुरे क्षेत्र संरक्षण, अवैध दोहन रोक्न कडा कानुनी व्यवस्था तथा वनजंगल संरक्षणमा प्रभावकारी कार्यान्वयनको माग समेटिएको छ। कार्यक्रममा बोल्दै अभियानका राष्ट्रिय संयोजक सुनिल यादवले सरकारप्रति तीव्र असन्तुष्टि व्यक्त गरे । उनले जनताको मतबाट बनेको सरकार नै जनताबाट टाढा हुँदा नागरिक सडकमा आउन बाध्य हुने बताए।
उनले भने, 'सिंहदरबार जनताको लागि खुला हुनुपर्छ, तर आज जनताको आवाज सुन्ने ढोका नै बन्द गरिएको अवस्था छ ।' यादवले चुरे क्षेत्रमा बढ्दो दोहन, नदीजन्य पदार्थको अवैध उत्खनन तथा वन विनाशले वातावरणीय सन्तुलनमा गम्भीर असर परेको उल्लेख गर्दै सरकारको उदासीनता चिन्ताजनक रहेको बताए। उनले चेतावनी दिँदै भने, 'चुरे भूगोल मात्र नभई हाम्रो अस्तित्वसँग जोडिएको संवेदनशील क्षेत्र हो । यसको संरक्षण नगरे भविष्यमा ठूलो विपत्ति निम्तिन सक्छ।'
अभियानका अनुसार ९ बुँदे मागपत्रमा चुरे क्षेत्रमा भइरहेका अवैध गतिविधि तत्काल रोक्न, दीगो विकास कार्यक्रम लागू गर्न, स्थानीय समुदायलाई संरक्षणमा सहभागी गराउन तथा वन विनाश नियन्त्रण गर्न आग्रह गरिएको छ।
दुई दिनसम्म चलेको धर्नामा विभिन्न जिल्लाबाट आएका अभियान्ताहरूको सहभागिता रहेको थियो । सहभागीहरूले प्लेकार्डसहित नाराबाजी गर्दै प्राकृतिक स्रोत संरक्षणमा सरकार गम्भीर बन्नुपर्ने माग गरेका थिए।
यसैबीच, अभियानले देशव्यापी जनचेतना फैलाउने उद्देश्यसहित 'मेची–महाकाली जनजागरण यात्रा' चाँडै घोषणा गर्ने तयारी गरेको जनाएको छ।
संयोजक यादवका अनुसार उक्त यात्रामार्फत देशका विभिन्न भागमा पुगेर चुरे तथा वनजंगल संरक्षणको महत्वबारे जनचेतना फैलाइनेछ। उनले भने, 'अब हाम्रो आन्दोलन काठमाडौंमा मात्र सीमित रहने छैन, मेचीदेखि महाकालीसम्म पुगेर जनतालाई सचेत गराउँदै सरकारमाथि दबाब सिर्जना गर्नेछौं।'

# भारतीय चिसो पेय पदार्थमाथि अनुगमन अवैध सामग्री नियन्त्रणमा कडाई



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोलीले जनकपुरधामका विभिन्न बजार क्षेत्रमा भारतीय कोल्ड ड्रिङ्क्स (चिसो पेय पदार्थ) को बिक्री–वितरणबारे अनुगमन गरेको छ ।
बजारमा खुलेआम बिक्री भइरहेका आयातित पेय पदार्थको गुणस्तर, लेबलिङ तथा कानुनी वैधता जाँच गर्न अनुगमन गरिएको विभागले जनाएको छ । अनुगमनका क्रममा विभिन्न खुद्रा तथा थोक व्यवसायमा बिक्रीका लागि राखिएका भारतीय ब्रान्डका कोल्ड ड्रिङ्क्सको उत्पादन मिति, म्याद, मूल्य सूची तथा आयातसम्बन्धी कागजात परीक्षण गरिएको थियो ।
प्रारम्भिक जानकारीअनुसार केही स्थानमा बिना आधिकारिक अनुमति भित्र्याइएका तथा नेपाली लेबल नभएका पेय पदार्थ फेला परेका छन् । टोलीले त्यस्ता अवैध तथा मापदण्डविपरीत सामग्री नियन्त्रणमा लिँदै सम्बन्धित व्यवसायीलाई आवश्यक कागजात पेश गर्न निर्देशन दिएको छ । साथै, उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित खाद्य तथा पेय पदार्थमा लापरवाही नगर्न कडा चेतावनी दिइएको छ ।विभागका अनुसार आगामी दिनमा बजार अनुगमनलाई अझ प्रभावकारी बनाइनेछ र नियमविपरीत कार्य गर्ने व्यवसायीमाथि कडा कारबाही गरिनेछ । उपभोक्तालाई पनि म्याद गुज्रेका वा शंकास्पद सामग्री खरिद नगर्न आग्रह गरिएको छ ।

# रोग निगरानी प्रणाली सम्बन्धी अभिमुखीकरण




**मधेशदृष्टि**
**वीरगंज।**
समुदायमा देखिन सक्ने अनपेक्षित जनस्वास्थ्य जोखिमलाई समयमै पहिचान गरी नियन्त्रण गर्ने उद्देश्यले वीरगंज महानगरपालिकामा समुदायमा आधारित रोग निगरानी प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।
वीरगंज महानगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास महाशाखा अन्तर्गत जनस्वास्थ्य प्रवद्र्धन शाखाको आयोजनामा तथा पि.एच.आर.डि. नेपाल र युनिसेफको प्राविधिक तथा आर्थिक सहयोगमा वडा नं. ५ कुम्हालटोस्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कार्यक्रम आयोजना गरिएको हो।
कार्यक्रममा अनपेक्षित जनस्वास्थ्य घटना तथा रोगका लक्षणहरू देखिँदा त्यसको समयमै सूचना प्रवाह गर्नु अत्यन्त महत्वपूर्ण हुनेमा जोड दिइएको थियो । आमनागरिक, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, सामाजिक अगुवा तथा जनप्रतिनिधिहरूको सक्रिय भूमिका बिना यस्तो प्रणाली प्रभावकारी नहुने सहभागीहरुलाई जानकारी गराइएको थियो।
सहभागीहरूलाई टोल तथा समाजमा कुनै असामान्य स्वास्थ्य समस्या वा रोगका लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा फोन, एसएमएस वा प्रत्यक्ष जानकारी गराउन आग्रह गरिएको थियो। साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय द्वारा सञ्चालित निःशुल्क हटलाइन सेवा 'हेल्लो स्वास्थ्य ११११५' मा समेत जानकारी दिन सकिने बताइएको छ।
कार्यक्रमका प्रशिक्षक राजिव चौधरी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र कुम्हालटोल–५ का राज कुमार मन्डलले अनपेक्षित जनस्वास्थ्य घटना के हो, किन समयमै सूचना आवश्यक हुन्छ र कस्ता लक्षण देखिएमा खबर गर्नुपर्ने भन्ने विषयमा विस्तृत जानकारी दिएका थिए।
उनीहरूले समुदाय स्तरमै रोगको प्रारम्भिक पहिचान र सूचना संकलनले महामारी नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै सबैको सक्रिय सहभागितामा मात्र स्वास्थ्य सुरक्षालाई सुदृढ बनाउन सकिने बताएका छन्।

# हनुमान जन्मोत्सवमा भव्य शोभा यात्रा



**मधेशदृष्टि**
**वीरगंज ।**
हनुमान जन्मोत्सवको अवसरमा वीरगंजमा भव्य तथा ऐतिहासिक शोभा यात्रा निकालिएको छ । विश्व हिन्दू परिषद् नेपाल, वीरगंजको आयोजनामा हरेक वर्षझैँ यस वर्ष पनि भव्य रूपमा शोभा यात्रा निकालिएको हो । वीरगंजको घण्टाघरबाट निकालिएको शोभा यात्रा माईस्थान मन्दिर, हनुमान मन्दिर, विर्तामाई मन्दिर, छप्कैया छठघाट, रेल्वे रोड, अमर चौक, पञ्चमुखी हनुमान मन्दिर, रामटोल तथा गहवा हुँदै पुनः घण्टाघरमै पुगेर समापन गरिएको थियो ।
शोभा यात्रामा वीरगंज महानगरपालिकाका विभिन्न वडाबाट निकालिएका बाजागाजा सहितझाँकी तथा टोलीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।
हजारौंको संख्यामा भक्तजनहरू सहभागी भई धार्मिक आस्था, भक्ति र उत्साह प्रकट गरेका थिए । कार्यक्रमलाई सभ्य, मर्यादित र व्यवस्थित बनाउन करिब २ हजार स्वयंसेवक परिचालन गरिएको आयोजकले जनाएको छ । साथै, शोभा यात्राको सुरक्षा व्यवस्थापनका लागि वीरगंज महानगरपालिका, जिल्ला प्रशासन कार्यालय तथा नेपाल प्रहरी, सशस्त्र प्रहरीबल एवं सुरक्षा निकायहरूले विशेष सतर्कता अपनाएका थिए ।
पर्सा जिल्लाभर रहेका विभिन्न हिन्दू संघसंस्था, क्लब तथा धार्मिक संस्थाहरूले समेत आ–आफ्नो क्षेत्रमा शोभा यात्रा निकाल्दै हनुमान जन्मोत्सव भव्य रूपमा मनाएका छन् । गर्मी मौसमलाई मध्यनजर गर्दै सहभागी भक्तजनहरूको सुविधाका लागि यात्राका विभिन्न स्थानहरूमा खानेपानी, चिसो पानी, जुस, सरबत तथा बिस्कुटलगायतका सामग्रीहरूको व्यवस्था गरिएको थियो ।

# बाउन्ड्री वाल निर्माणलाई लिएर झडप, चारजना घाइते



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको छिपहरमाई गाउँपालिका–२ टिहुकीमा विद्यालयको बाउन्ड्री वाल निर्माणलाई लिएर दुई पक्षबीच भएको विवादले झडपको रूप लिँदा चार जना घाइते भएका छन्। इलाका प्रहरी कार्यालय पोखरीया का प्रहरी निरीक्षक प्रदीप पौडेलका अनुसार श्री ने.रा.प्रा.वि. टिहुकीको बाउन्ड्री वाल निर्माणबारे भइरहेको छलफल (पंचायती) का क्रममा विवाद चर्किंदै कुटाकुटमा परिणत भएको हो ।झडपमा बडकी टिहुकीका ४० वर्षीय रमेश साह, २० वर्षीय राजकुमार गिरी, ४३ वर्षीय संजय साह कानु र ४९ वर्षीय बुचुन मियाँ घाइते भएका छन्।
घाइतेमध्ये रमेश साह र राजकुमार गिरीको टाउकोमा गम्भीर चोट लागेको प्रहरीले जनाएको छ । घाइतेहरूलाई प्रारम्भिक उपचारका लागि नारायणी अस्पताल लगिएको थियो भने अवस्था जटिल देखिएपछि थप उपचारका लागि वीरगंज न्युरो अस्पताल रिफर गरिएको छ।
स्थानीयका अनुसार विद्यालय नजिकैको सिँचाइ जमिन समेटेर बाउन्ड्री वाल निर्माण गर्न खोजिएको विषयमा विवाद उत्पन्न भएको हो । विद्यालय प्रशासनले आफ्नो स्वामित्वभित्रको जग्गामा मात्र पर्खाल बनाउन खोजे पनि केही स्थानीय राजनीतिक व्यक्तिहरूले अतिरिक्त जमिन समेट्न दबाब दिएपछि विवाद चर्किएको बताइएको छ।
घटनामा संलग्न व्यक्तिहरू झडपपछि फरार रहेका छन्। उनीहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ।

# तेश्रो पटक वीरगंजमा जगन्नाथ रथ यात्रा निकालिने



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा यही चैत २८ गते जगन्नाथ रथ यात्रा आयोजना गरिने भएको छ । अन्तर्राष्ट्रिय कृष्णभावनामृत संघ (इस्कोन) वीरगंजले तेस्रो पटक श्री जगन्नाथ रथ यात्रा २०८२ आयोजना गर्न लागेको हो।
इस्कोनका अनुसार चैत २८ गते शनिबार दिउँसो १ बजेदेखि गहवा माई मन्दिर अगाडिको पार्कबाट रथ यात्रा सुरु हुनेछ। यात्रा आदर्शनगर, मकालु होटल चोक, पूजन होटल चोक, कैलाश होटल चोक, घडीअर्वा पोखरी र गीता मन्दिर रोड हुँदै पुनः माइस्थानस्थित मन्दिर अगाडिकै पार्कमा पुगेर समापन गरिने कार्यक्रम रहेको छ।
वैदिक परम्पराअनुसार मनाइने श्री जगन्नाथ रथ यात्रा पवित्र तथा हर्षोल्लासपूर्ण पर्वका रूपमा मनाइने गरिन्छ।
सो अवसरमा भगवान् जगन्नाथ, भगवान् बलदेव तथा सुभद्रा महारानीको रथयात्रा निकालिने इस्कोनले जनाएको छ।
समाजमा एकता, भक्ति र समानताको सन्देश प्रवाह गर्ने उद्देश्यले आयोजना गरिने रथ यात्रामा चारदेखि छ हजार श्रद्धालु भक्तजनको सहभागिता रहने अनुमान गरिएको इस्कोन वीरगंजका मुक्तिनाथ साहले जानकारी दिए।

# मधेश प्रदेश सरकारको बजेट खर्च कछुवा गतिमा




**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारको बजेट खर्च कछुवा गतिमा देखिएको छ । चालु आर्थिक वर्षको करिब १० महिना बितिसक्दा पनि प्रदेश सरकारले अपेक्षाअनुसार खर्च गर्न नसकेको तथ्यांकले स्पष्ट पारेको छ । मुख्यमन्त्री कृष्णा यादव नेतृत्वको सरकार गठन भएको चार महिना नाघिसक्दा समेत विकासे कामले गति लिन नसकेको अवस्था देखिन्छ ।
प्रदेश अर्थ मन्त्रालयका अनुसार हालसम्म कुल बजेटको १३.१६ प्रतिशत मात्रै खर्च भएको छ । साउनदेखि चैतसम्मको अवधिमा चालु र पुँजीगत गरी ६ अर्ब १८ करोड ३३ लाख रुपैयाँ खर्च भएको छ । तर, यो खर्चमध्ये अधिकांश हिस्सा चालुतर्फ केन्द्रित छ भने पुँजीगत खर्च निकै कमजोर देखिएको छ । पुँजीगततर्फ हालसम्म करिब २ अर्ब ३२ करोड रुपैयाँ मात्रै खर्च भएको छ, जसले विकास निर्माणको गति सुस्त रहेको संकेत गर्छ । खर्चको अवस्था हेर्दा सबैभन्दा कमजोर प्रदर्शन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकै देखिएको छ । १० महिनाको अवधिमा उक्त कार्यालयले जम्मा ६.७६ प्रतिशत मात्रै पुँजीगत बजेट खर्च गर्न सकेको छ, जसले सरकारको नेतृत्व तहकै कार्यसम्पादनमाथि प्रश्न उठाएको छ ।

# वीरगंज–२६ मा सांसद कानुको जनतासँग भेटघाट स्थानीय समस्याको समाधान गर्ने प्रतिबद्धता



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टीका नेता एवं पर्सा जिल्लाको निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य सुशील कुमार कानुले बिहीबार वीरगंज महानगरपालिका वडा नं. २६ अन्तर्गत अठारहाँ टोलस्थित शिव मन्दिरको प्राङ्गणमा स्थानीय जनतासँग प्रत्यक्ष भेटघाट गरेका छन्।
कार्यक्रममा वडा नं. २६ का स्थानीय बासिन्दाहरूले सांसद कानुलाई स्वागत गर्दै आफ्ना दैनिक जीवनसँग सम्बन्धित विविध समस्याहरू बुन्दागत रूपमा प्रस्तुत गरेका थिए।
स्थानीयवासीहरूले विगत तीन वर्षभन्दा बढी समयदेखि करिब ५ सय बिघा कृषि भूमि डुबानमा परिरहेको गम्भीर समस्या उठाउँदै उक्त अवधिको गुठी÷राजस्व मिनाहा गरिनुका साथै प्रभावित किसानहरूलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन् ।
साथै, कृषिका लागि आवश्यक मल, बिउको समयमै उपलब्धता तथा सिँचाइको स्थायी समाधानका लागि नहरहरूको पुनः सञ्चालन सुनिश्चित गरिनुपर्नेमा जोड दिएका छन्।
यसैगरी, युवाहरूका लागि ऐलानी जग्गामा खेल मैदान, पार्क, जिम तथा अध्ययनका लागि पुस्तकालय जस्ता संरचनाहरू निर्माण गर्नुपर्ने आवश्यकता पनि औंल्याइएको थियो। उक्त विषयहरूमा प्रतिक्रिया जनाउँदै सांसद कानुले प्रस्तुत सबै समस्याप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै यथाशीघ्र आवश्यक पहल गरी प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे।
उनले आफ्नो निर्वाचन क्षेत्रमा घरदैलोमै पुगेर जनताको समस्या बुझ्ने अभियानलाई तीव्रता दिँदै संसद् केवल सदनमै सीमित नभई जनताको घरदैलोमै पुग्नुपर्छ भन्ने सन्देश दिएको बताए । यस अभियानमार्फत जनप्रतिनिधि र जनताबीचको दूरी घटाउँदै प्रत्यक्ष रूपमा समस्या समाधानतर्फ अग्रसर हुने प्रयास गरिएको उनको भनाइ छ।

सम्पादकीय

# सिँचाइमा भाषणभन्दा परिणाम चाहिन्छ

नेपालले यस वर्ष पनि 'जलस्रोतको व्यवस्थित उपयोग, समृद्ध देश निर्माणमा सहयोग' भन्ने नारासहित सिँचाइ दिवस मनायो । सरकारी अभिलेख हेर्दा सिँचाइ क्षेत्रले एक शताब्दीभन्दा लामो यात्रा तय गरिसकेको छ, चन्द्र नहरदेखि आधुनिक बहुउद्देश्यीय आयोजनासम्म देशले धेरै संरचना निर्माण गरेको छ । विभागीय पुनर्संरचना, नीतिगत सुधार, राष्ट्रिय गौरवका आयोजनाको सूची, वार्षिक बजेट र सरकारी दाबी हेर्दा नेपाल सिँचाइ व्यवस्थापनमा निकै अघि बढेको देखिन्छ । तर यथार्थ के हो भने नाराले समृद्धि घोषणा गरिरहे पनि खेतमा पानी नपुग्दासम्म त्यो समृद्धि कागजमै सीमित रहन्छ ।

सरकारका तथ्याङ्कअनुसार करिब २५ लाख ३६ हजार हेक्टर सिँचाइयोग्य जमिनमध्ये १५ लाख ८७ हजार हेक्टरमा मात्र सिँचाइ सुविधा पुगेको छ । यसको अर्थ अझै झन्डै १० लाख हेक्टर जमिन पानीको पहुँचबाहिर छ । कृषिप्रधान अर्थतन्त्र भएको देशमा यस्तो अवस्था आफैंमा विडम्बना हो । ६२ प्रतिशत जनसंख्या कृषि पेशामा आश्रित रहँदा पनि खेती अझै आकाशे पानीको भरमा हुनु राष्ट्रिय असफलताको संकेत हो ।

विशेषतः मधेश प्रदेशको अवस्था झन् चिन्ताजनक छ । देशकै अन्नभण्डार मानिने मधेश, जहाँ उर्बर भूमि छ, उत्पादनको विशाल सम्भावना छ, त्यहीँ आज किसानले सबैभन्दा बढी सिँचाइ संकट भोगिरहेका छन् । वर्षायाममा बाढीले डुबाउने र हिउँदमा सुक्खाले पोल्ने दोहोरो मार मधेशले वर्षौंदेखि सहँदै आएको छ । गत वर्ष मधेशलाई सरकारले नै सुक्खा विपद् क्षेत्र घोषणा गर्नुपरेको अवस्था सामान्य थिएन, यो सरकारी योजना र पूर्वतयारीको विफलता थियो । भूमिगत जल, बोरिङ र पम्पसेटको भरमा खेती धान्ने बाध्यता मधेशका किसानका लागि स्थायी नियति बन्दै गएको छ ।

मधेशमा सिँचाइ संकट हुनुको मुख्य कारण केवल पानीको अभाव होइन, व्यवस्थापनको अभाव हो । नहर छन् तर पानी छैन, संरचना छन् तर मर्मत छैन, योजना छन् तर कार्यान्वयन छैन । धेरै स्थानमा नहर निर्माण भएर अलपत्र छन्, कतै बजेट सकिएर योजना रोकिएका छन्, कतै भ्रष्टाचार र ठेक्कापट्टाको खेलले आयोजना वर्षौंदेखि लम्बिएका छन् । कृषि उत्पादनको मेरुदण्ड मानिने मधेशमा आजसम्म भरपर्दो र वैज्ञानिक सिँचाइ प्रणाली स्थापना गर्न नसक्नु राज्यको गम्भीर कमजोरी हो ।

सरकारले राष्ट्रिय गौरवका आयोजनाहरू तीव्र गतिमा अघि बढिरहेको दाबी गरेपनि किसानले महसुस गर्ने परिवर्तन अझै सीमित छ । आयोजना सम्पन्न भएको घोषणा गरेर मात्र हुँदैन, खेतसम्म पानी पुगेको सुनिश्चित हुनुपर्छ । जबसम्म योजनाको सफलता उद्घाटन समारोहले होइन, किसानको उत्पादनले मापन गरिँदैन, तबसम्म सिँचाइ विकासको दाबी खोक्रो नै रहन्छ । अब राज्यले सिँचाइलाई केवल पूर्वाधार निर्माणको विषय नभनी खाद्य सुरक्षा, आर्थिक आत्मनिर्भरता र राष्ट्रिय समृद्धिसँग जोडिएको रणनीतिक क्षेत्रका रूपमा हेर्नुपर्छ ।

विशेष प्राथमिकतामा मधेश प्रदेशलाई राखेर स्थायी भूमिगत जल व्यवस्थापन, आधुनिक नहर प्रणाली, जलाशय निर्माण, वर्षा पानी संकलन तथा प्रभावकारी वितरण प्रणाली लागू गर्नुपर्छ । सिँचाइ दिवस मनाउनु राम्रो हो, इतिहास सम्झनु पनि आवश्यक छ । तर किसानलाई दिवस होइन, खेतमा पानी चाहिएको छ । भाषण होइन, परिणाम चाहिएको छ । यदि राज्यले साँच्चै समृद्ध देश निर्माण गर्ने हो भने अब सिँचाइमा उत्सवभन्दा उत्तरदायित्व, नाराभन्दा नतिजा, र घोषणाभन्दा कार्यान्वयन देखिनुपर्छ । अन्यथा हरेक वर्ष दिवस मनाइरहँदा पनि नेपाली किसानको खेत उस्तै सुख्खा रहनेछ ।

# थातथलो सजाउँदै, पर्यटक लोभ्याउँदै

वासुदेव पौडेल



**गण्डकी ।**
बाबुबाजेकै पालाका घर तथा वस्तीहरू चिटिक्क सजाएझैं देखिन्छन् । तनहुँको भानु नगरपालिका–९ चितीखोलामा पुराना शैलीका घरहरूसँगै चोक तथा बाटाहरू सफासुग्घर छन् । घर वरपर करेसाबारीमा लगाइएको तरकारीसँगै त्यहाँको हरियाली तथा फलफूलहरूका कारण सौन्दर्यता अझै थपिएको छ । प्राचीनकालमा बौद्धिक चेतना भएका व्यक्तिहरूको बसोबास भएकै कारण गाउँको नाम नै चिती खोला भएको बुढापाकाको तर्क छ । प्राकृतिक रुपमा सुन्दर यस गाउँमा पर्यटकलाई लक्षित गरी घरवास सञ्चालनमा ल्याइएको छ । ग्रिनहिल भिलेज सामुदायिक होमस्टे परिवारका रुपमा यहाँका २१ वटा घर समेटिएका छन् । स्थानीय संस्कार संस्कृतिको जगेर्नासँगै आफ्नो थातथलोको संरक्षणको उद्देश्यका साथ यहाँका स्थानीयले २०७६ सालदेखि घरवास सञ्चालनमा ल्याएको ग्रिनहिल भिलेज सामुदायिक होमस्टे परिवारका पूर्व अध्यक्ष कल्पना सारु मगरले जानकारी दिइन् ।

यहाँको घरवासका लागि स्थानीयको जागरुकता त छँदैछ राज्यको पनि लगानी परेको छ । सुरुमा घरवासका लागि गण्डकी प्रदेश सरकारबाट रु १० लाख बजेट विनियोजन भएकामा त्यसपछि विभिन्न चरणमा गरी थप सहयोग पनि प्राप्त भएको उनले जानकारी दिइन् । मगर जातिको बाहुल्यता रहेको यस ठाउँमा मगर, दूरा, तामाङ, बाहुनहरूको बाहुल्यता रहेको छ । यहाँका घरवासमा घरहरू अनुसार शुद्ध शाकाहारीदेखि मांसाहारी सबैका लागि बस्न पाउने व्यवस्था समेत रहेको छ । घरवासमा आउने पर्यटकका लागि एक हजार २५० रुपैयाँको प्याकेज निर्धारण गरिएको छ ।

उक्त प्याकेजमा बेलुका लोकल कुखुराको मासुसहितको खाना, बिहान कोदोको सेल, तरकारीसहितको खाजा रहेको उनले जानकारी दिइन् । चिती खोलामा ठूलै लगानी खर्चिएर ग्रीन हिमालय फार्म स्टे पनि सञ्चालन गरिएको छ । आफ्नो थातथलोमा नै केही गर्नु◌ुपर्छ भन्ने उद्देश्यका साथ यहाँको पाण्डे परिवारले विगत चार वर्षयता फार्म स्टे सञ्चालनमा ल्याएको हो । उनीहरूले कुल ७० रोपनी क्षेत्रफल मध्ये १० रोपनी क्षेत्रमा फार्म स्टे तथा ६० रोपनी क्षेत्रमा फार्म क्षेत्र सञ्चालन गरिहेका छन् ।

यहाँ आउने पर्यटकलाई फार्ममा नै उत्पादन भएको तरकारी तथा यामअनुसारका फलफूल खुवाउने गरिएको फार्म स्टेका सञ्चालक गीता अधिकारी पाण्डेले जानकारी दिइन् । 'हामी सुरुमा बजारबाट गाउँमा फर्कदा भने व्यावसायिक सोचका साथ आएका थिएनौं', उनले भनिन्, 'उत्पादनको बजारीकरण र उपयोग पनि यहीँ नै होस् भन्ने उद्देश्यसँगै यो फार्म स्टे सञ्चालनमा ल्याएका हौँ ।'

फार्म स्टेमा हाल छ जनाले नियमित रोजगारी पाएका छन् भने आवश्यकता अनु◌ुसार अन्य सात आठ जनासम्मले थप रोजगारी पाएको उनले जानकारी दिइन् । फार्म स्टेमा पुरानो कलात्मक घरलाई साजसज्जा गरेर चिटिक्क सजाइएको छ । परम्परागत ग्रामीण परिवेशको झल्को दिने किसिमका संरचनाहरू निर्माण गरिएका छन् । लिचीको बोटले ढकमक्क ढाकिएको ट्रि हाउस, परम्परागत घुमाउने घर (ढिकी जाँतो, हलो जुवा जस्ता परम्परागत सामग्री राखिएको) आदिका कारण यहाँ आउने पर्यटकहरू रमाउने गरेका छन् । माटाको गारो, माटाले नै पोतेर सजाइएका घरका कारण पर्यटकले ग्रामीण संस्कृति तथा परिवेशको छुट्टै अनुभूति गर्ने गरेका छन् ।

लगानी, पूर्वाधार, सेवा सुविधा समेतका कारण फार्म स्टेको बसाई होमस्टे भन्दा अलि खर्चिलो छ । फर्म स्टेमा आएका पर्यटकलाई त्यहाँ पुग्नासाथ मोही, मकै, चिया सहितको खाजा खुवाउने गरिएको छ भने बेलुका लोकल कुखुराको मासुसहित खाना खुवाइन्छ । भोलिपल्ट बिहान अण्डा, तरकारी, कोदो फापरको रोटी आदिको नास्ता खाने व्यवस्था मिलाइएको छ । फार्म स्टेमा बस्नका लागि प्रतिव्यक्ति दुई हजार पाँच सय रुपैयाँ र दु◌ुई जना संयुक्त रुपमा आएमा चार हजार पाँच सय रुपैयाँ निर्धारण गरिएको छ । ठूलै समूहमा आएका अवस्थामा उक्त दररेटमा केही सहुलियतको व्यवस्था छ । फार्म स्टेमा दैनिक ३० जनालाई सहजै रुपमा बस्न सकिने व्यवस्था मिलाइएको पाण्डेले जानकारी दिइन् । थातथलोको संरक्षणसँगै यसको पर्यटकीय उपयोगका साथै कृषि पर्यटनका कारण पनि यो ठाउँ राम्रै गन्तव्य बन्न सक्ने देखिएको छ । कृषिप्रतिको बढ्दो अनिच्छासँगै जग्गाहरू बाँझिदै गएका अवस्थामा यहाँका अगु◌ुवा कृषक वासुराज कडरियाले गरेको एकिकृत कृषि फार्मबाट पनि यहाँ आउने पर्यटकले धेरै जान्न, बुझ्न र अनु◌ुभव गर्न पाउँछन् । कडरिया एकिकृत कृषि फार्मका रुपमा कुल २७ रोपनी क्षेत्रफलमा फैलिएको उनको फार्ममा एकै स्थानमा कृषिका विविधतासँगै सम्भावनालाई प्रत्यक्ष अवलोकन गर्न पाइन्छ ।

शिक्षण पेशामा लामो समय बिताएका कडरियाले आफू पेशामा रहँदैदेखि सुरु गरेको कृषिकर्मलाई सेवानिवृत्त जीवनमा अझै सकृयताका साथ व्यवस्थित गराउँदै लगेका छन् । उनको फार्ममा पशुपालन, कुखुरापालन, तरकारी तथा फलफूल खेतीहरू एकै साथ गरिदै आइएको छ । सुरुमा चार सय बोट सुन्तला र एक हजार छ सय बोट कफीबाट सुरु गरिएको व्यावसायिक कृषिले उहाँलाई अन्ततः सफल कृषि व्यवसायी बनाएको हो । सुरुका वर्षहरुमा सुन्तला राम्रै उत्पादन भएपनि २०५२÷५३ सालदेखि सुन्तलामा रोग लाग्न थालेपछि त्यसको विकल्पमा केरा, अदुवा खेती आदि गर्न थालेका छन् । उनको फार्ममा २५० बोट मेवा रहेका छन् भने ताइबान अम्बा एक सय बोट लगाइएको छ । फार्ममा परीक्षणका लागि ९० बोट बोधिचित्त पनि लगाइएको छ । फार्ममा नासपति, आरु, लिची, कटहर, भूइँकटहर, आरु, कागती, किबीलगायत विभिन्न ५० प्रजातिका फलफूल लगाइएको उनले जानकारी दिए ।

त्यस्तै मौरीपालनदेखि पशुपालनसम्मका विविध कृषिका प्रयोग जान्न बुझ्न चाहनेका लागि यो राम्रै पाठशाला बनिरहेको छ । पछिल्लो समयमा एकिकृत कृषिका विविधताको अवलोकनका लागि ठाउँठाउँबाट हेर्न र बुझ्न आउने क्रम पनि बढिरहेको छ । चिती खोला आउने पर्यटकले उक्त फार्ममा उत्पादित ताजा फलफूल तथा तरकारी किनेर लैजान समेत सक्छन् । बाँझो जग्गाको उपयोगका साथै त्यसलाई पर्यटकीय रुपमा उपयोग गर्न यहाँका स्थानीयले गाउँमा नक्षत्र बाटिकाका नाममा रमणीय पार्क पनि बनाएका छन् । यहाँको करिब पाँच रोपनी क्षेत्रफलमा चियाका बोटसँगै २७ वटै नक्षत्रका बोटहरू लगाइएको छ । प्रत्येक नक्षत्र बृक्षको फेदमा नक्षत्रमा पर्ने नामहरू समेत उल्लेख गरेर सानो परिचयात्मक बोर्ड राखिएको छ । आफ्नो नक्षत्र पर्नेहरू उक्त बोर्ड देखिने गरी तस्वीर खिच्ने गरेका छन् । बागेश्वरी सामुदायिक बन उपभोक्ता समिति अन्तर्गत रहेको बाटिकामा रहेको चिया बगानले इलामकै झल्को दिने गरेको छ । यहाँ लगाइका चियाका बोटले यस क्षेत्रमा चिया खेतीको समेत सम्भावना छ भन्ने कुरालाई उजागर गरेको स्थानीयवासी एवम् पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले बताए । बाटिका परिसरमा पाचीन शिव मन्दिर, पुराना बन काफलका बोटलाई पनि संरक्षण गरेर राखिएको छ । पर्यटकलाई लक्षित गरी स्थानीयले गाउँ माथिको जङ्गलमा पदमार्ग पनि बनाएका छन् । जङ्गलमा पदयात्रा गर्दा सफारीकै झल्को आउने स्थानीयले बताए । करिब डेढ घण्टा जङ्गल सफारी हुँदै चन्दनी डाँडासम्म पुग्न सकिन्छ । त्यहाँस्थित चन्दनी डाँडा हुँदै कोट पुगिन्छ । नेपालका बाइसे चौबिसे राजाको पालाको कोटका रुपमा रहेको यो स्थानसँगै यसैको तल रहेको ठूलो पहरोलाई 'रक क्लाइम्बिङ'को गन्तव्यका रुपमा विकास गर्न सक्ने देखिएको छ ।

गाउँको सिरानमा रहेको कोटका साथै धार्मिक रुपले प्रसिद्ध थानीमाई मन्दिर पनि यही बाटो भएर जाने भएकोले यस ठाउँलाई धार्मिक पर्यटनसँग पनि जोड्न सकिने देखिएको छ । यहाँबाट सवारी साधन हुँदै एक घण्टामा थानी माई मन्दिर पुग्न सकिन्छ । गाउँ नजिकै रहेको चन्द्रेखोला झरनालाई पनि स्थानीयले पर्यटकीय रुपमा उपयोग गर्ने योजना बनाएका छन् । पृथ्वी राजमार्गको डुम्रेबाट अर्चलधारा हुँदै कुल २१ किलोमिटर दूरीमा रहेको यो ठाउँ मध्यपहाडी लोकमार्गअन्तर्गत पाउँदीबाट तीन किलोमिटर दूरीमा रहेको छ । पछिल्ला समयमा विभिन्न स्थानबाट समूहगत रुपमा पर्यटकहरू यहाँ पुग्ने गरेका छन् । हालै इम्ब्रोइडरी एण्ड गार्मेन्ट्स एशोसिएसन (एगा) पोखरामा आवद्ध पर्यटन व्यवसायीहरूले उक्त क्षेत्रको प्रवद्र्धनात्मक भ्रमण गरेका छन् । भ्रमणका क्रममा पर्यटकीय रुपमा चितीखोला धेरै सम्भावनायुक्त स्थल भएको आफूहरूले पाएको एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालले बताए । 'परम्परागत थातथलोलाई संरक्षण गर्दै त्यसको पर्यटकीय उपयोग गर्ने विषय धेरै राम्रो लाग्यो', उनले भने, 'हामीले हाम्रा प्रकृति र संस्कृतिसँगै त्यहाँका हरेक सम्भावनालाई पर्यटकीय रुपमा उपयोग गर्न सकिन्छ ।'

कृषिजन्य उत्पादनलाई पनि पर्यटनसँग जोड्न सकिने विषय यहाँस्थित फार्म स्टे, एकिकृत कृषिफर्म, नक्षत्रबाटिका आदिबाट पनि सिक्न सकिने बताउँदै उनले यो सिकाई अन्य स्थानका लागि पनि प्रेरणाको स्रोत बन्ने बताए । प्रकृति र संस्कृतिको अधिकतम् उपयोग गर्दै गाउँ पर्यटनलाई अघि बढाउन सकिने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने बताउँछन् । गाउँ पर्यटनको विकाससँगै त्यहाँका कृषिजन्य उत्पादन पनि प्रत्यक्ष रुपमा पर्यटनसँग जोडिने उनको भनाइ छ । रासस

# प्रधानमन्त्रीलाई नै श्रममन्त्रीको कार्यभार

**काठमाडौं ।**
राष्ट्रपति रामचन्द्र पौडेलले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार प्रधानमन्त्री वालेन्द्र शाहलाई नै तोकी मौजुदा मन्त्रिपरिषद्मा हेरफेर गरेका छन् ।

राष्ट्रपतिको कार्यालयका अनुसार प्रधानमन्त्री शाहको सिफारिसमा यही चैत १३ गते गठित मन्त्रिपरिषद्मा उक्त हेरफेर गरिएको हो ।

प्रधानमन्त्री शाहले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको सिफारिसमा श्रममन्त्री दीपककुमार साहलाई बिहिबार पदमुक्त गरेका थिए । योसँगै मन्त्रिपरिषद्मा अब १४ सदस्य कायम रहेका छन् । रासस

# राष्ट्र सेवामा समर्पित हुनुस्ः प्रधानमन्त्री



**काठमाडौं ।**
प्रधानमन्त्री वालेन्द्र शाहले नेपाली सेनाका नवआयुक्त अधिकृतहरूलाई कर्तव्यनिष्ठ, अनुशासित र जिम्मेवार भएर राष्ट्र सेवामा समर्पित हुन आग्रह गरेका छन् ।

भक्तपुरको खरिपाटीस्थित नेपाली सैनिक प्रतिष्ठानमा बिहिबार आयोजित अधिकृत क्याडेट तालिमको आयुक्त पद प्रदान कवाज समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री शाहले करिब ३६ महिनाको कठिन प्रशिक्षण सफलतापूर्वक पूरा गरी अधिकृत पद प्राप्त गर्न सफल क्याडेटहरूलाई बधाई तथा शुभकामना व्यक्त गरेका हुन् ।

प्रधानमन्त्री शाहले मातृभूमि र जनताप्रति पूर्ण समर्पित भएर आफ्नो जिम्मेवारी निर्वाह गर्न आग्रह गर्दै सैनिक आचरण, चेन अफ कमान्ड र अनुशासनको दायराभित्र रही सदैव आफ्नो कर्तव्यप्रति सजग रहनुपर्नेमा जोड दिए ।

फरक सामाजिक पृष्ठभूमिका जवानहरूको नेतृत्व गर्दै एकीकृत र सक्षम टोली निर्माण गर्न नवआयुक्त अधिकृतहरू सफल हुने उनले विश्वास व्यक्त गरे । सो समारोहमा प्रधानमन्त्री शाहले उत्कृष्ट अधिकृत क्याडेटहरूलाई श्रेष्ठताको प्रतीक खुकुरी तथा छडी प्रदान गरे । प्रधानमन्त्री शाहको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहमा १८३ अधिकृत क्याडेटहरूले आयुक्त पद प्रदान कवाज प्रदर्शन गरेका थिए ।

सोही अवसरमा प्रधान सेनापति महारथी अशोकराज सिग्देलले मित्रराष्ट्र केन्या र जाम्बियाबाट तालिममा सहभागी तीन शिक्षार्थी अधिकृत क्याडेटलाई 'नेपाली मिलिटरी एकेडेमी मेडालियन' प्रदान गरे ।

नेपाली सैनिक प्रतिष्ठानबाट हालसम्म अधिकृत क्याडेट तथा पदिक र बिल्लादार अधिकृत क्याडेट गरी ६ हजार ७३४ जना तथा एक हजार ६०८ प्राविधिक अधिकृतहरूले सफलतापूर्वक तालिम पूरा गरिसकेका छन् । सन् २०१२ देखि विदेशी शिक्षार्थीहरूसमेत सहभागी गराइ तालिम सञ्चालन हुँदै आएकामा हालसम्म विभिन्न राष्ट्रका ३२ विदेशी शिक्षार्थीहरूले तालिम सम्पन्न गरिसकेका छन् । समारोहमा नवआयुक्त अधिकृतहरूलाई अभिभावक तथा आफन्तजनहरूले सुशोभन गरेका थिए । रासस

# सभामुख अर्यालसँग स्वीस राजदूतको शिष्टाचार भेट



**काठमाडौं ।**
सभामुख डोलप्रसाद अर्यालसँग नेपालका लागि स्विट्जरल्याण्डकी राजदूत डा डानियल म्युलीले बिहिबार शिष्टाचार भेटवार्ता गरेका छन् । भेटमा दुई देशबीचको ऐतिहासिक द्विपक्षीय सम्बन्ध, संसदीय सहकार्य, नेपालको शान्ति प्रक्रिया र आर्थिक सहयोगका विविध आयामबारे विस्तृत छलफल भएको सभामुखको सचिवालयले जनाएको छ ।

सभामुख अर्यालले राजदुत म्युलीलाई स्वागत गर्दै सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै नेपाल र स्विट्जरल्याण्डबीच प्रगाढ र उत्कृष्ट सम्बन्ध कायम रहेको बताए ।

उनले नेपालले स्विट्जरल्याण्डसँगको सम्बन्धलाई उच्च महत्व दिएको उल्लेख गर्दै यो मित्रता पारस्परिक सम्मान र सहयोगमा आधारित रहेको धारणा व्यक्त गरे । सभामुख अर्यालले स्विट्जरल्याण्ड सहभागितामूलक लोकतन्त्रको सफल अभ्यासका लागि विश्वमै उदाहरण रहेको चर्चा गर्दै नेपालले पनि स्थानीय तहसम्म लोकतान्त्रिक संस्थाहरूलाई सुदृढ बनाउन निरन्तर प्रयत्न गरिरहेको जानकारी गराए ।

सो अवसरमा सभामुखले नेपालको सामाजिक–आर्थिक विकासमा स्वीस विकास तथा सहयोग निकायमार्फत पु¥याइएको योगदानको उच्च प्रशंसा गरे । नेपाल अझै पनि स्विट्जरल्याण्डको प्राथमिकता प्राप्त देशको सूचीमा रहेकोमा हामी खुसी छौँ,सभामुख अर्यालले भने, आगामी दिनमा यो विकास सहकार्यको दायरा थप विस्तार हुनेमा म विश्वस्त छु ।

संसदीय सहकार्यका सम्बन्धमा चर्चा गर्दै सभामुख अर्यालले उच्चस्तरीय भ्रमणको आदानप्रदानले दुई देशका संसद्बीचको सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे । उनले सन् २०२४ मा भएका उच्चस्तरीय जेनेभा भ्रमणहरूको स्मरण गर्दै स्विट्जरल्याण्डका राष्ट्रिय परिषद्का अध्यक्षलाई उपयुक्त समयमा नेपाल भ्रमणका लागि पुनः निमन्त्रणा समेत गरे । सभामुखले संघीय संसदमा नेपाल–स्विट्जरल्याण्ड संसदीय मैत्री समूह गठन गर्ने परम्परालाई आगामी दिनमा पनि निरन्तरता दिइने प्रतिबद्धता जनाए । भेटमा राजदूत म्युलीले जलवायु परिवर्तन र सामाजिक–आर्थिक विकासका साझा चुनौतीहरूमा नेपालसँग निकट रहेर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे । राजदूत म्युलीले नेपालको लोकतान्त्रिक सुदृढीकरण र शान्ति प्रक्रियाका बाँकी कार्य पूरा गर्न स्विट्जरल्याण्डको सदैव सहयोग रहने आश्वासन दिए । रासस

# सभामुखद्वारा बुढीगण्डकी आयोजनाबारे चासो

**काठमाडौं ।**
सभामुख डोलप्रसाद अर्यालले बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणका विषयमा चासो देखाएका छन् । ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ र सो आयोजनाका प्रमुख कार्यकारी अधिकृत अरुण रजौरियासँग बिहीबार आफ्नै कार्यकक्षमा छलफल गर्दै उनले आयोजनाको निर्माणकार्य निश्चित समयसीमा तोकेर अगाडि बढाउनुपर्ने बताए ।

सभामुख अर्यालले भने, यो राष्ट्रिय गौरवको परियोजना हो । यो केवल विद्युत् उत्पादनसँग मात्र सम्बन्धित छैन, पर्यटन, कृषि उत्पादनको बजारीकरण र रोजगारी प्रवद्र्धनसँग पनि प्रत्यक्ष जोडिएको समग्र राष्ट्रिय महत्वको विषय हो । त्यसैले जति ढिलाइ हुनु थियो, भयो, अब यसको निर्माण कार्यलाई गति दिन थप ढिलाइ गर्नु हुँदैन ।

सभामुख अर्यालले आयोजनालाई पहिलो प्राथमिकतामा राखेर काम गर्न आयोजना प्रमुखको ध्यानाकर्षण गराए । स्पष्ट कार्यतालिका बनाउने, कुन मितिमा काम सुरु गर्ने र कहिले सम्पन्न गर्ने भन्ने निर्धारण गरेर अघि बढ्नुस्,उनले भने ।

छलफलमा ऊर्जामन्त्री श्रेष्ठले आयोजना निर्माणलाई तीव्रता दिन सरकारका तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए । सरकारी समस्या कहाँ छ भन्ने स्पष्ट पार्नुहोस्, हामी आवश्यक समन्वय गर्नेछौँ, आयोजना प्रमुखसँग उनले भने ।

त्यस्तै मन्त्रालयका सहसचिव रुद्रसिङ तमाङले आयोजना अघि बढाउन मन्त्रालयबाट सहयोगका लागि कुनै कसर बाँकी नराख्ने बताए । सांसद बोधनारायण श्रेष्ठले ठुला आयोजना निर्माणलाई विशेष प्राथमिकता दिनुले देशको समृद्धिका विषयमा सरकार कति गम्भीर छ भन्ने स्पष्ट भएको धारणा राखे । बुढीगण्डकी जलविद्युत् आयोजना एक हजार २०० मेगावाट क्षमताको जलायशयुक्त आयोजना हो । राष्ट्रिय गौरवको यो आयोजना गोरखा र धादिङको सिमानामा पर्छ । रासस

# सभामुख अर्याल र अध्यक्ष दाहालबीच भेटवार्ता



**काठमाडौं ।**
प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालबीच बिहिबार सिंहदरबारमा भेटवार्ता भएको छ । सभामुखमा अर्याल निर्वाचित भएपछि उनीहरुबीच पहिलो औपचारिक भेटवार्ता भएको हो । भेटमा अध्यक्ष दाहालले सभामुख अर्याललाई बधाईसहित कार्यकाल सफलताको शुभकामना दिएको अध्यक्ष दाहालको सचिवालयले जनाएको छ ।

यही चैत २२ गते सभामुखमा अर्याल निर्विरोध निर्वाचित भएका थिए । प्रतिनिधिसभा र राष्ट्रियसभा रहेको सङ्घीय संसद्को संयुक्त बैठकमा शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले सम्बोधन गर्ने कार्यक्रम रहेको छ । रासस

## सुदूरपश्चिम प्रदेशसभा:
# संशोधन विधेयकको प्रतिवेदन पेस

**सुदूरपश्चिम ।**
सुदूरपश्चिम प्रदेशसभामा 'सुदूरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन पहिलो संशोधन विधेयक २०८२' उपर सम्बन्धित समितिमा छलफल भई तयार परिएको प्रतिवेदन पेस गरिएको छ ।

प्रदेशसभाको बिहिबार बसेको बैठकमा विधायन तथा प्रदेश मामिला समितिका सभापति दिवानसिंह विष्टले समितिमा दफावार छलफल भई तयार पारिएको उक्त संशोधन विधेयकको प्रतिवेदन प्रस्तुत गरेका हुन् ।

सुदूरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐनको कार्यान्वयनसँगै कर्मचारी क्षेत्रबाट असन्तुष्टि बढेपछि सरकारले संशोधन विधेयक ल्याएको हो । ऐन कार्यान्वयनबाट सीमित कर्मचारीलाई मात्र फाइदा पुगेको बताउँदै असन्तुष्ट कर्मचारीहरुले अदालतमा मुद्दा दर्तासमेत गरेका थिए । बिहिबार को बैठकमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री शिवराज भट्टले 'सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य ऐन २०७६' लाई संशोधन गर्न बनेको विधेयक टेबुल गरे ।

मन्त्री भट्टले दलित सशक्तिकरण ऐन २०७८ लाई संशोधन गर्न बनेको विधेयकमाथि परेका संशोधनसहित दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाइयोस् भनी पेस गरेको प्रस्तावलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको छ । रासस

## बागमती प्रदेशसभा बैठकः
# विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव पेस

**मकवानपुर ।**
बागमती प्रदेशसभाको बिहिबारको बैठकमा प्रदेश सरकारका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले प्रदेश लोक सेवा आयोगको छैटौँ वार्षिक प्रतिवेदन २०८१÷०८२ पेस गरेका छन् । त्यसैगरी आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२, माथि विचार गरियोस भन्ने प्रस्ताव पेस गरे ।

उक्त बैठकमा खानेपानी, ऊर्जा र सिँचाइमन्त्री कृष्णकुमार तामाङले प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२, माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईंले प्रदेशसभाको अर्को बैठक आगामी वैशाख ६ गते बस्ने गरी आजको बैठक स्थगित गरेका छन् । रासस

# 'लाइसेन्स' छपाइ तीव्र गतिमा

**काठमाडौँ ।**
सवारी चालक अनुमतिपत्र लाइसेन्स छपाइ तीव्र गतिमा जारी रहेको छ । सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानाका अनुसार हाल दैनिक करिब ४० हजार हाराहारी मा लाइसेन्स छपाइ भइरहेको छ । उनले लाइसेन्स छपाइलाई उच्च प्राथमिकतामा राखिएको जानकारी दिँदै हालसम्म छपाइ हुन बाँकी रहेका करिब २९ लाख लाइसेन्सलाई २०८३ साल असार मसान्तसम्म छापिसक्ने लक्ष्य राखिएको जानकारी दिए । यसमध्ये आगामी वैशाख १२ गतेभित्र १२ लाख लाइसेन्स छपाइ सम्पन्न गर्ने लक्ष्य निर्धारण गरिएको छ भने बाँकी १७ लाख लाइसेन्स छपाइ प्रक्रिया पनि तीव्र रूपमा अघि बढाइएको छ ।



सञ्चार तथा सूचना प्रविधि मन्त्रीले डा विक्रम तिमिल्सिनाले सुरक्षण मुद्रण केन्द्रलाई 'लाइसेन्स छपाइमा अवरोध आउन नदिन तथा छिटोभन्दा छिटो सबै बाँकी लाइसेन्स छाप्न निर्देशन दिएका छन् । मन्त्रालयले नतिजामुखी शासकीय व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यले १० प्रमुख सुधारात्मक कार्यक्रम समेटिएको विस्तृत कार्ययोजनामा समेत यो विषयलाई प्राथमिकताका साथ राखेको छ । मन्त्रिपरिषद्को यही चैत १३ गतेको निर्णयअनुसार सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री, छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्यसहित यो कार्ययोजना अघि बढाइएको हो । यसैबीच, सेवाग्राहीलाई थप सहजताका लागि यातायात व्यवस्था विभागले दैनिक रूपमा छपाइ भएका तथा वितरण गरिने लाइसेन्सको विवरण आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्न थालेको छ । यसले सेवाग्राहीलाई आफ्नो लाइसेन्सको अवस्थाबारे सहज रूपमा जानकारी लिन सहयोग पुऱ्याउनेछ ।

त्यस्तै, छपाइ सम्पन्न भएका लाइसेन्स हुलाक सेवामार्फत जतिसक्दो चाँडो देशभरका विभिन्न यातायात कार्यालयमा पठाइने व्यवस्था गरिएको छ । यसले वितरण प्रक्रियालाई समेत व्यवस्थित बनाएको छ । यही गतिमा काम अघि बढ्ने हो भने लामो समयदेखि थाँती रहेको लाइसेन्स वितरणको समस्या निकट भविष्यमै पूर्ण रूपमा समाधान हुने अपेक्षा गरिएको छ । रासस

# दूध र मासु उत्पादनका लागि भैँसीको वंश सुधार कार्यक्रम

**लुम्बिनी ।**
लुम्बिनी प्रदेश सरकारले प्रदेशमा भैँसीको वंश सुधार कार्यक्रममार्फत दुग्ध तथा मासु उपादकत्व वृद्धि गर्ने योजना अघि बढाउने भएको छ । आयोजनालाई अघि बढाउन लुम्बिनी प्रदेश सरकारले भैँसी वंश सुधारका क्षेत्रमा कार्यरत विज्ञहरूसँग छलफलसमेत गरिसकेको छ । पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको आयोजनामा यससम्बन्धी विज्ञहरूसँग बुधबार प्राविधिक कार्यशाला आयोजना गरियो । कार्यशालामा नेपालमा भैँसीको विकास र अनुसन्धानका क्षेत्रमा लामो समयदेखि अनुसन्धान गर्दै आएका कृषि, वन विज्ञान अध्ययन संस्थान चितवनका प्रा.डा. भूमिनन्दन देवकोटाले सन् २०२४ को तथ्याङ्कअनुसार करिब ३३ लाख भैँसी रहेका र यिनको कुल दूध उत्पादनमा ५७ प्रतिशत र मासु उत्पादनमा ३६ प्रतिशत योगदान रहेको बताए । यस तथ्याङ्कअनुसार अन्य मुलुकको तुलनामा नेपालको औसत उत्पादन निकै न्यून जानकारी दिँदै उनले नेपालमा पालिने भैँसीका प्रमुख नस्लहरू स्थानीय लिमे, पार्कोटे, गड्डी विदेशी÷त्रास गुरा जातका रहेको बताए । 'पशुमा वंश सुधारको मुख्य उद्देश्य अघिल्लो पुस्ताको तुलनामा श्रेष्ठ गुण भएका जिनहरूको सङ्ख्या बढाउनु हो । यसका लागि व्यवस्थापनसँगै आनुवंशिक क्षमतालाई अधिकतम बनाउनुपर्छ । यसमा उत्पादन 'रेकर्ड'का आधारमा उत्कृष्ट भैँसी छान्ने, पुर्खाको रेकर्ड हेरेर राँगा छान्ने, ती पशुका सन्तति वा छोरीहरुको रेकर्डका आधारमा साँढेको मूल्याङ्कन गर्ने, स्थानीय नस्ललाई मुर्रासँग 'क्रस' गराई उत्पादकत्व बढाउने जस्ता विधि अपनाउन आवश्यक छ', प्रा. डा. देवकोटाले भने । हिमालयन कलेजका कृषि, विज्ञान तथा प्राविधिक विषयका प्रा. डा. श्रीरामप्रसाद न्यौपानेले प्रस्तुत गरेको कार्यपत्रमा नस्ल सुधार कृत्रिम गर्भाधानबाट स्थानीय गाईभैँसीबाट बढी दूध दिने उन्नत जातका पशुहरू उत्पादन गर्न मद्दत पुगेको उल्लेख छ । नेपालमा हाल भैँसीपालनको सङ्ख्या ३३ लाख ९४ हजार ७२४ रहेको तथ्याङ्क छ । यसमध्ये लुम्बिनी प्रदेशमा रहेका तराईका ६ जिल्लामा मात्र करिब ६९ प्रतिशत अर्थात चार लाख ७३ हजार ६७४ भैँसी रहेका छन् । प्रा. डा. न्यौपानेले नेपालमा दुहुना भैँसीको सङ्ख्या नौ लाख ६५ हजार ९२० रहेका र तीमध्ये लुम्बिनी प्रदेशका ६ जिल्लामा मात्र दुई लाख १६ हजार ७९२ अर्थात् ४३ प्रतिशत रहेको उल्लेख गरे । 'नेपालमा प्रतिदिन २७ लाख १८ हजार १७७ मेट्रिक टन दूध उत्पादन हुने गरेको छ । त्यसमध्ये लुम्बिनी प्रदेशमा पाँच लाख १५ हजार ७८८ उत्पादन हुन्छ', उनले भने, 'प्रदेशअन्तर्गत तराईका ६ जिल्लामा मात्र प्रतिदिन ६६ प्रतिशत अर्थात् तीन लाख ४२ हजार ५०३ मेट्रिक टन दूध उत्पादन हुने गरेको छ । यसमध्ये यी जिल्लामा भैँसीको मात्र दूध उत्पादन ६४ प्रतिशत अर्थात् दुई लाख १९ हजार ५५४ मेट्रिक टन रहेको छ ।' नेपालभर रहेका कुल भैँसीहरूमध्ये करिब २३ प्रतिशत लुम्बिनी प्रदेशमा मात्र छन् । रासस

## उपाध्यक्षसँग युवा उद्यमी’ कार्यक्रमः

# किसानलाई अधिकतम दुई लाखसम्म अनुदान



**इलाम ।**
माइजोगमाई गाउँपालिकामा सञ्चालित ‘उपाध्यक्षसँग युवा उद्यमी’ कार्यक्रमबाट स्थानीयस्तरमै रोजगारी सिर्जना भएको छ । यसका लागि दुग्ध तथा घ्यू प्रशोधन, कोदोको बिस्कुट उत्पादन र यस वर्ष ललिपप निर्माण तथा दुग्ध उत्पादन प्रशोधन सम्बन्धी तालिम सञ्चालन गरिएको थियो ।

गाउँपालिकाले कार्यक्रममार्फत मौरीपालन, अलैँचीखेती, पशुपालन, ब्युटीपार्लर तथा बिस्कुट उत्पादनजस्ता क्षेत्रमा उत्कृष्ट काम गर्ने उद्यमीलाई अधिकतम रु दुई लाखसम्म अनुदान दिएको थियो । गाउँपालिकाका उपाध्यक्ष प्रवीना राईले भनिन्, व्यवसायमै सक्रिय उद्यमीलाई सामग्री तथा नगद सहयोग गर्ने गरेका छौँ । हाम्रो मुख्य उद्देश्य स्थानीयस्तरमै रोजगारी सिर्जना गर्नु हो ।

पहिलो वर्ष दुग्ध तथा घ्यु प्रशोधन तालिम दिएपछि वडा नं १ का तुलबहादुर लिम्बूको कृषि तथा डेरी उद्योग, वडा नं २ की रेखा रिजालको पाण्डे डेरी उद्योग र वडा नं ६ का इन्द्र थेबेको एनएस डेरी उद्योगलाई सामग्री सहयोग गरिएको थियो । उक्त कार्यक्रमअन्तर्गत गत वर्ष कोदोको बिस्कुट उत्पादन सम्बन्धी तालिम दिइएर उत्कृष्ट छ व्यवसायलाई प्रोत्साहित गर्न नगद अनुदान दिइएको थियो । वडा नं १ की पार्वती भट्टराईले सञ्चालन गरेको भट्टराई बिस्कुट बेकरी उद्योगलाई वस्तुगत सहायता अनुदान दिइएको छ ।

त्यसैगरी वडा नं ३ का रुद्रकुमार सञ्जेलको गहिरीगाउँ जैविक कृषि फार्म, वडा नं ४ का सनबहादुर लिम्बूको सुनौलो कृषि तथा पशुपालन फर्म, वडा नं ५ का लक्ष्मण खत्रीको कुशिका एकीकृत कृषि तथा पशुपन्छी फर्म, वडा नं १ की कञ्चन आचार्यको कञ्चन ब्युटीपार्लर तथा प्रशिक्षण केन्द्र र वडा नं ३ का लक्ष्मी तामाङ र पुजन प्रधानले सञ्चालन गरेको पशुपति पशुपालन तथा कृषि फर्मलाई नगद अनुदान प्रदान गरिएको थियो । यस वर्ष ललिपप निर्माण तथा दुग्ध प्रशोधनसम्बन्धी तालिम ३० जनाले लिएका छन् । अब उक्त सीपलाई व्यावसायिक बनाउनेलाई अनुदान दिने गाउँपालिकाले जनाएको छ ।

कार्यक्रमले गाउँका युवालाई विदेश होइन, आफ्नै माटोमै सम्भावना खोज्न प्रेरित गरिरहेको गाउँपालिकाका अध्यक्ष कुशबहादुर थेबेले बताए । बिस्कुट उत्पादनमा रु दुई लाख अनुदान पाभएकी पार्वती भट्टराई थप व्यावसायिक बन्न प्रोत्साहन मिलेको बताउँछिन् । रासस

# भक्तपुरमा दशौँ कृषि तथा व्यापार महोत्सव

**भक्तपुर ।**
नयाँ वर्ष २०८३ सालको अवसरमा भक्तपुरमा ‘दशौँ भक्तपुर औद्योगिक, सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सव–२०८२/८३’ बिहीबारदेखि सुरु भएको छ । औद्योगिक शान्ति नेपाल संस्थाले आजदेखि भक्तपुरको सल्लाघारीमा आयोजना गरेको महोत्सवमा १८० विभिन्न प्रदर्शनी कक्ष रहेको सथाका अध्यक्ष सन्दीप महतले जानकारी दिए । उनले उपभोक्तालाई एकै स्थानमा दैनिक उपभोग्य तथा सम्पूर्ण सामान उपलब्ध गराउने उद्देश्यले नयाँ वर्षको अवसरमा बृहत् औद्योगिक तथा व्यापार महोत्सव आयोजना गरेको बताए । महोत्सवमा मानवीय दैनिक जीवनमा प्रयोगमा आउने दैनिक उपभोग्य सामग्री, खाद्यान्नकाh सामग्री, विभिन्न प्रकारका लत्ताकपडा, जुत्ताहरु, कृषि तथा हस्तकलाका सामग्री प्रदर्शनी एवं बिक्रीका लागि राखिएको उनले बताए ।



औद्योगिक उत्पादनको प्रदर्शनी, हस्तकलाका प्रदर्शनी, काष्ठकला, माटोका भाडा, स्थानीय घरेलु उत्पादन, सूचना तथा विज्ञान प्रविधिको प्रदर्शनी, प्रविधिसम्बन्धी गतिविधि, अटो मोबाइल प्रदर्शनी, विद्युतीय मेसिन कृषि औजार प्रदर्शनी, मोबाइल तथा इलेक्ट्रोनिक्स सामानको प्रदर्शनी, व्यापार तथा पर्यटकीय प्रदर्शनी, लत्ताकपडा तथा भाँडाकुँडाको प्रदर्शनी एवं बिक्रीका लागि राखिएको उनले बताए । स्थानीय उत्पादनलाई बजार प्रवद्र्धन गर्ने, राष्ट्रिय तथा अन्तरराष्ट्रिय ब्राण्डका विभिन्न सामान एकै थलोमा सुपथ मूल्यमा उपलब्ध गराउने, भक्तपरको कला, संस्कृति, उत्पादन र सांस्कृतिक परम्परालाई कै थलोमा प्रर्दशन गर्दै प्रचार गर्ने उदेश्यले नयाँ वर्षको अवसरमा महोत्सवको आयोजना गरेको जानकारी दिए ।

महोत्सवको संयोजक दीपक थापाले करिब पाँच लाखभन्दा बढीले महोत्सव अवलोकन गर्ने अपेक्षा गरिएको जानकारी दिए । महोत्सवमा बिक्री गरिने सामानहरुमा २० देखि ५० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ । भक्तपुर, काठमाडौँ, ललितपुर, काभ्रेदेखि आसपासका जिल्लाका बासिन्दाले समेत यसबाट लाभ लिन सक्ने बताउँदै महोत्सवमा ज्येष्ठ नागरिक, अपाङ्ग र पाँच वर्षमुनिका बालबालिकालाई प्रवेश निःशुल्क गरिएको बताए । महोत्सवमा मुख्य आकर्षणको रुपमा ‘लन्डन ब्रिज’ देखि दैनिक राष्ट्रियस्तरका चर्चित गायक गायिकाका साङ्गीतिक प्रस्तुति रहनेछ । उत्कृष्ट बाल उद्यान, रोटी पिङ्ग, ड्रागन ट्रेन, नाउ तथा बच्चाको खेलौना, विभिन्न प्रकारका खाना महोत्सव रहनेछ । दैनिक रुपमा राष्ट्रियस्तरका ख्यातिप्राप्त कलाकारहरुको गीत, सङ्गीतसहितको साङ्गीतिक प्रस्तुति, हाँस्य व्यङ्ग्य फेसन शो, नृत्य प्रतियोगिताले महोत्सवलाई थप आकर्षण बनाउने अध्यक्ष महत बताउँछन् । महोत्सव वैशाख ६ गते सम्पन्न हुनेछ । रासस

# पचपन्न लाख लागतमा खेलमैदान निर्माण



**म्याग्दी ।**
मालिका गाउँपालिका–६ डाँडागाउँमा पाखो सम्माएर हिमाली युवा क्लवको सामुदायिक भवन र खेलमैदान निर्माण भएको छ । ५५ लाख ६५ हजार ५५५ को लागतमा भवन र खेलमैदान निर्माण भएको हो । सरकारी निकायको अनुदानको तुलनामा दोब्बर बढी समुदायस्तरबाट सहयोग र श्रमदान जुटाएर खेलमैदान र भवन निर्माण गरिएको क्लबका अध्यक्ष टुकमान जुग्जालीले जानकारी दिए ।

खेलमैदान र भवन निर्माण भएको ठाउँ यसअघि भिरालो पाखा थियो, उनले भने, डोजर लगाएर करिब ६० मिटर जमिन खारेर डिलमा पर्खाल बनाएर सम्माइएको हो । ६३ मिटर लम्बाइ र ३२ मिटर चौडाइ भएको खेलमैदान निर्माण भएको हो । खेलमैदानको परिसरमा दुई कोठे भवन, ‘स्टेज’ र सार्वजनिक शौचालयसहितको भवन निर्माण भएको छ ।

डाँडागाउँमा यसअघि खेलमैदान नहुँदा खेलअभ्यास र प्रतियोगिता सञ्चालन गर्न समस्या भएको थियो । सामुदायिक भवनमा भेला, बैठक, तालिम, गोष्ठी, सभा, समारोह र भोजभतेर सञ्चालन गर्न सहज भएको छ । क्लबले १५ वर्षअघि सुरु गरेको खेलमैदान निर्माण कार्यले अहिले पूर्णता पाएको हो ।

मालिका गाउँपालिकाबाट १७ लाख र गण्डकी प्रदेश सरकारबाट रु १२ लाख सहयोग प्राप्त भएको खेलमैदान र भवन निर्माणका लागि हिमाली युवा क्लबले चार लाख ७६ हजार बराबरको श्रमदान र फुलपाती आमा समूहले तीन लाख नगद सहयोग गरेका छन् । सुवास गर्बुजा, सविन पुन, रविन पुन, डाइमण्ड जुग्जाली, अमृत जुग्जाली, इन्द्र पुन, चकबहादुर पाइजा, सुरज जुग्जाली, चित्र पाईजा, गमबहादुर जुग्जाली, मन्दीप÷सन्दीप÷रघु जुग्जाली र लकमन पुनले रु एक÷एक लाख सहयोग गरेको क्लवबा सचिव रोहन जुग्जालीले जानकारी दिए । रत्नसिंह गर्बुजाले रु ५५ हजार ५५५, माइकल पाईजा, सुर्ज÷रेशम जुग्जाली, तिर्थमान÷सज्जन जुग्जाली, नारायण जुग्जाली, रुविन जुग्जाली, जीवन पुनले रु ५०÷५० हजार, कर्ण जुग्जालीले रु ३१ हजार, प्रवीन रानाले ३१ हजार, खिमबहादुर जुग्जालीले रु १७ हजार र रमेश पाईजाले रु पाँच हजार सहयोग गरेको क्लबले जनाएको छ ।

खेलमैदानको गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली र भवनको मालिका गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीदेवी घर्ती पुनले बुधबार उद्घाटन गरे । कार्यक्रममा सांसद जुग्जालीले ग्रामीण क्षेत्रमा पूर्वाधार विकासले तीव्रता पाए पनि जनसङ्ख्या घट्नु र बसाइँसराइ बढ्नु चुनौती बनेकोमा चिन्ता व्यक्त गर्दै पर्यटन र कृषिमा आधारित उद्यम, व्यवसायमा लाग्न सुझाव दिए ।

भवन र खेलमैदान उद्घाटनका साथै नयाँ वर्षको अवसरमा क्लबका संस्थापक कासिराम जुग्जाली स्मृति प्रथम कप आयोजना गरिएको छ । भलिबल, फुटसललगायतका प्रतियोगिता सञ्चालन हुने क्लबले जनाएको छ । शुभारम्भ कार्यक्रममा सहयोगदातालाई सम्मान गरिएको थियो । रासस

# मध्यपूर्व युद्धः तनाव, वार्ता र अनिश्चितता

**पेरिस ।**
अमेरिका–इरानबीच युद्धविराम सहमति भए पनि मध्यपूर्वमा हिंसा रोकिएको छैन । लेबनानमा तीव्र आक्रमण, इजरायल–हिजबुल्लाहबीच प्रतिकारात्मक कारबाही, तथा कूटनीतिक पहलहरू एकसाथ अघि बढिरहेका छन्, जसले क्षेत्रीय शान्ति अझै अनिश्चित रहेको स्पष्ट सङ्केत दिएको छ । इरान समर्थित सशस्त्र समूह हिजबुल्लाहले बिहीबार इजरायलतर्फ रकेट प्रहार गरेको जनाएको छ । उसले यस कदमलाई अमेरिका–इरान युद्धविरामको ‘उल्लङ्घन’ विरुद्धको प्रतिक्रिया भनेको छ । एक दिनअघि मात्र लेबनानभरि भइरहेको इजरायली आक्रमणको घातक शृङ्खलाप्रति प्रतिक्रिया दिने ‘अधिकार’ रहेको उसले सार्वजनिक रूपमा बताएको थियो ।



यसैबीच, इरानले रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण मानिने होरमुज जलडमरूमध्य क्षेत्रमा समुद्री जोखिम बढेको भन्दै जहाजहरूका लागि वैकल्पिक समुद्री मार्ग घोषणा गरेको छ । सो मार्गमार्फत आवतजावतका लागि नयाँ निर्देशिका समेत सार्वजनिक गरिएको छ, जसले क्षेत्रीय व्यापार र ऊर्जा आपूर्तिमा असर पार्ने सङ्केत देखाएको छ ।

लेबनानमा भएको आक्रमणप्रति अन्तर्राष्ट्रिय रेड क्रस समितिले तीव्र आक्रोश व्यक्त गरेको छ । लेबनानस्थित प्रतिनिधिमण्डल प्रमुख एग्नेस धुरले नागरिकहरू युद्धविरामको प्रतीक्षामा रहेका बेला भएको ‘विनाशकारी आक्रमण’ ले देशलाई त्रास र अराजकतामा धकेलेको बताए । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले भने अमेरिका र इरानका नेताहरूसँग संवाद गर्दै लेबनानलाई समेत युद्धविरामको दायरामा समेट्न आग्रह गरेका छन् । उनले सबै सङ्घर्षग्रस्त क्षेत्रहरूमा युद्धविरामको पूर्ण पालना हुनुपर्नेमा जोड दिए ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बुधबार इजरायली आक्रमणमा कम्तीमा १८२ जनाको मृत्यु भएको छ भने ८९० जना घाइते भएका छन् । राजधानी बेरुतले हालसम्मकै सबैभन्दा भीषण बमबारी झेलेको जनाइएको छ । इजरायली रक्षामन्त्रीले भने हिजबुल्लाहका संरचनाहरू लक्षित गरी आक्रमण गरिएको र यसलाई सन् २०२४ पछि उक्त समूहविरुद्धकै ठूलो कारबाही भएको दाबी गरे । उता, तेहरानमा बसोबास गर्ने सर्वसाधारणमा मिश्रित प्रतिक्रिया देखिएको छ । केहीले युद्धविराम दिगो नहुने चिन्ता व्यक्त गरेका छन् भने धेरैले हप्तौँको तनावपछि राहत महसुस गरेको बताएका छन् । ५० वर्षीया गृहिणी साकिनेह मोहम्मदीले आफूहरू अहिले ‘धेरै सहज’ भएको र देशप्रति गर्व लागेको बताए ।

आर्थिक क्षेत्रमा भने युद्धविरामको प्रभाव देखिन थालेको छ । तेल तथा ग्यासको मूल्य घटेको छ भने विश्व सेयर बजारमा सुधार आएको छ । डाउ जोन्स इन्डस्ट्रियल एभरेज करिब २ । ९ प्रतिशतले बढेको छ भने प्रमुख तेल सम्झौता करिब १५ प्रतिशतले घटेर प्रतिब्यारेल ९५ डलरमा झरेको छ । यसले होरमुज जलडमरूमध्य पुनः खुल्न सक्ने अपेक्षा बलियो बनाएको छ । इरानका राष्ट्रपति मसुद पेजेस्कियानले लेबनानमा इजरायली आक्रमण रोक्नु क्षेत्रीय युद्ध अन्त्यका लागि प्रस्तुत १० बुँदे योजनाको मुख्य शर्त भएको बताएका छन् । इजरायलले हिजबुल्लाहविरुद्ध ठूलो आक्रमण सुरु गरेपछि उनको यस्तो धारणा सार्वजनिक भएको हो ।

यसै सन्दर्भमा अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इस्लामाबादमा हुने वार्तामा अमेरिकी टोलीको नेतृत्व गर्ने तयारी गरेका छन् । उनीसँगै विशेष दूत स्टिभ विटकफ र जारेड कुसनर पनि सहभागी हुने बताइएको छ । भान्सले इरानलाई लेबनानमा युद्धविराम अवरुद्ध नगर्न आग्रह गर्दै त्यहाँको द्वन्द्व हालको सहमतिको हिस्सा नभएको स्पष्ट पारे । संयुक्त राष्ट्रसङ्घका मानव अधिकार उच्चायुक्त भोल्कर टर्कले लेबनानमा भइरहेको हिंसालाई ‘भयावह’ भन्दै कडा आलोचना गरेका छन् । उनले युद्धविराम सहमति भएको केही घण्टामै भएको यस्तो आक्रमणले विश्वासमाथि गम्भीर चोट पुऱ्याएको बताए । रेड क्रसले पनि यस घटनाबाट ‘गहिरो आक्रोश’ व्यक्त गरेको छ । यता, इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले भने आवश्यक परे इरानविरुद्ध पुनः युद्धमा फर्कन आफूहरू तयार रहेको स्पष्ट पारेका छन् । हामीसँग अझै पूरा गर्न बाँकी लक्ष्यहरू छन् र ती हामी सम्झौता वा लडाइँमार्फत पूरा गर्नेछौँ, उनले टेलिभिजन सम्बोधनमा भने । रासस

# क्लस्टर वारहेडसहित उत्तर कोरियाको क्षेप्यास्त्र परीक्षण

**सोल ।**
उत्तर कोरियाले पछिल्लो हतियार परीक्षणमा क्लस्टर–बम वारहेड जडित ब्यालेस्टिक मिसाइलहरू प्रयोग गरेको दाबी गर्दै आफ्नो सैन्य क्षमता थप आक्रामक ढङ्गले विस्तार गरिरहेको सङ्केत दिएको छ । यस कदमले दक्षिण कोरियामाथि दबाब बढाउने मात्र नभइ, कोरियाली प्रायद्वीपमा तनाव अझ चर्काउने देखिएको छ । उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले सार्वजनिक गरेको विवरणअनुसार सोमबारदेखि सुरु भएको तीनदिने परीक्षण क्रममा विभिन्न नयाँ हतियार प्रणालीहरूको प्रदर्शन गरिएको थियो । यसमा विमानविरोधी प्रणाली, कथित विद्युत् चुम्बकीय हतियार तथा कार्बन फाइबर बमसमेत समावेश गरिएको उल्लेख छ ।

विशेषगरी आणविक क्षमता बोकेको ह्वासोङ–११ ब्यालेस्टिक मिसाइलमा जडान गरिएको क्लस्टर वारहेड प्रणालीलाई प्रमुख उपलब्धिका रूपमा प्रस्तुत गरिएको छ ।

यो जानकारी दक्षिण कोरियाली सेनाले उत्तर कोरियाले दुई दिनभित्रै दोस्रो चरणको प्रक्षेपणमा पूर्वी तटीय क्षेत्रबाट बहुविध क्षेप्यास्त्र प्रहार गरेको पत्ता लगाएको एक दिनपछि सार्वजनिक भएको हो ।

दक्षिण कोरियाको संयुक्त सेना प्रमुखको कार्यालयका अनुसार ती मिसाइलहरू २४० देखि ७०० किलोमिटरसम्म उडेका थिए र समुद्रमा खस्नुअघि विभिन्न दूरी तय गरेका थिए । कम्तीमा एउटा प्रक्षेपण प्योङ्याङ नजिकबाट गरिएको पुष्टि गरिएको छ । जापानको रक्षा मन्त्रालयले भने यी प्रक्षेपणहरू आफ्नो विशेष आर्थिक क्षेत्रभित्र नपरेको जनाएको छ ।

त्यस्तै, अमेरिकी सेनाले पनि ती परीक्षणहरूले तत्कालका लागि अमेरिका वा उसका सहयोगी राष्ट्रहरूलाई प्रत्यक्ष खतरा



नदेखिएको प्रतिक्रिया दिएको छ । उत्तर कोरियाली दाबीअनुसार, क्लस्टर वारहेड जडित छोटो दूरीका मिसाइलहरूले ६.५ देखि ७ हेक्टर क्षेत्रभित्रका लक्ष्यहरूलाई ‘उच्च घनत्वको आक्रमण’ मार्फत पूर्ण रूपमा ध्वस्त पार्न सक्ने क्षमता राख्छन् । यस्तो डिजाइन रूसी इस्कान्डर मिसाइल प्रणालीसँग मिल्दोजुल्दो रहेको पनि जनाइएको छ, जसले मिसाइल प्रतिरक्षा प्रणाली छल्ने उद्देश्य राख्छ ।

दक्षिण कोरियाका संयुक्त सेना प्रमुखका प्रवक्ता जाङ डो–यङले भने यी प्रक्षेपणहरूको विस्तृत विश्लेषण भइरहेको जानकारी दिए । उनका अनुसार अमेरिका र जापानसँग समन्वय गरी सूचना आदानप्रदान भइरहेको छ । तर उत्तर कोरियाले दाबी गरेअनुसारको प्राविधिक प्रगतिको स्तरबारे तत्काल निष्कर्ष निकाल्न सकिने अवस्था नरहेको बताए ।

यी गतिविधिले उत्तर र दक्षिण कोरियाबीचको सम्बन्ध थप चिसिएको सङ्केत दिएका छन् । प्योङ्याङले सियोलको वर्तमान सरकारप्रति कटु टिप्पणी गर्दै आफूहरूका लागि दक्षिण कोरिया ‘सबैभन्दा शत्रुतापूर्ण राष्ट्र’ नै रहने दोहोऱ्याएको छ । उत्तर कोरियाका विदेश मन्त्रालयका प्रथम उपमन्त्री जाङ कुम चोलले वार्ता पुनः सुरु गर्ने प्रयासलाई व्यङ्ग्य गर्दै कडा अभिव्यक्ति दिए । उत्तर कोरियाली नेता किम जोङ–उनले सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक वार्ता असफल भएपछि वासिङ्टन र सियोलसँगको कूटनीतिक संवाद प्रायः बन्द गरेका थिए । त्यसयता उनले आणविक क्षमता भएका मिसाइलहरूको विकासलाई तीव्र बनाउँदै अमेरिका र उसका सहयोगीहरूलाई लक्षित रणनीति अघि बढाइरहेका छन् । यसैक्रममा, उत्तर कोरियाले आफ्नो कूटनीतिक पहुँच विस्तार गर्ने प्रयास पनि जारी राखेको छ । सरकारी सञ्चारमाध्यमका अनुसार चिनियाँ विदेशमन्त्री वाङ यी दुई दिने भ्रमणका लागि बिहीबार प्योङ्याङ पुग्ने कार्यक्रम रहेको छ, जसलाई क्षेत्रीय शक्ति सन्तुलनसँग जोडेर हेरिएको छ । रासस

# दलित समुदायसँगको क्षमायाचनालाई संस्थागत सुधारसँग जोड्नुपर्छः इन्सेक

**काठमाडौँ ।**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सरकारले दलित समुदायसँग गरेको क्षमायाचनालाई प्रतीकात्मक कार्यमा सीमित नराखी त्यसलाई नीतिगत, कानुनी तथा संस्थागत सुधारसँग जोड्नुपर्नेमा जोड दिएको छ । इन्सेकले बुधबार विज्ञप्ति जारी गर्दै व्यावहारिक सुधार र स्रोत सुनिश्चितताका लागि विभेदको अन्त्य, समान अवसरको सुनिश्चितता, शिक्षा, स्वास्थ्य, रोजगारी र न्यायमा पहुँचका लागि स्पष्ट कार्ययोजना र बजेट सुनिश्चित गर्नुपर्नेमा जोड दिएको हो ।

जातीय भेदभाव विरुद्धका कार्यहरूलाई प्रभावकारी सम्बोधन गर्न जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गरी उजुरी दिने हदम्याद हालको तीन महिनाबाट बढाउनुपर्छ । जातीय भेदभावसम्बन्धी उजुरीहरू प्रहरीमा अनिवार्य रूपमा दर्ता हुने सुनिश्चित गर्नुपर्छ, यस्ता घटनामा निरन्तर अनुसन्धान, अभियोजन र दोषीलाई सजाय सुनिश्चित गर्नाका साथै पीडितलाई उचित उपचार र पूर्ण परिपूरणको व्यवस्था गर्नुपर्छ, विज्ञप्तिमा भनिएको छ ।

यस्तै, सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि, १९६५ मा राखिएको आरक्षणको पुनरावलोकन गर्नुपर्ने पनि इन्सेकको भनाइ छ ।

नेपालले सन् १९७१ मा सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि, १९६५ अनुमोदन गर्दा राखेका आरक्षणहरू र व्याख्यात्मक घोषणाहरू नेपालको संविधान, २०७२ को मर्मविपरीत छन् । महासन्धिको धारा, ४ को पूर्ण पालना र धारा ६ बमोजिम प्रभावकारी उपचार र परिपूरण सम्बन्धमा राखेको आरक्षण फिर्ता लिनुपर्छ । साथै धारा १४ बमोजिम नागरिकले जातीय विभेदविरुद्ध महासन्धि अन्तर्गतको समितिमा व्यक्तिगत उजुरीका लागि महासन्धिको क्षेत्राधिकार स्वीकार गर्नुपर्छ, विज्ञप्तिमा उल्लेख छ । आरक्षण र घोषणाहरू पुनरावलोकन गरी महासन्धिअन्तर्गतका सबै दायित्वको पूर्ण र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न कदम चाल्नुपर्ने संस्थाको धारणा छ । रासस

# २० हजार छात्रछात्राको आँखा परीक्षण गरिने

**काठमाडौँ ।**
त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पतालले आगामी तीन महिनामा काठमाडौँ महानगरपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत २० हजार छात्रछात्राको आँखा परीक्षण गर्ने भएको छ ।

चालु आर्थिक वर्षभित्रै महानगरपालिकाभित्रका २० सामुदायिक विद्यालयका छात्रछात्राको आँखा परीक्षण गरी निःशुल्क चश्मा र औषधि वितरण गरिने अस्पतालका प्रमुख कार्यकारी अधिकृत धर्मराज गोसाईंले जानकारी दिए ।



अस्पतालको ५२औँ वार्षिकोत्सवका अवसरमा बिहिबार आयोजित कार्यक्रममा काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलले उक्त कार्यक्रमका लागि अस्पताल र महानगरपालिकाबीच सम्झौता भइसकेको बताइन् । उनले भनिन्, देशको आँखा उपचार सेवामा पहुँच विस्तार र गुणस्तरीय सेवा प्रदान गर्दै आएको नेपाल आँखा अस्पतालमार्फत् सामुदायिक विद्यालयका २० हजार छात्रछात्राको आँखा परीक्षणका लागि महानगरपालिकाले सम्झौता गरेको छ । आगामी शैक्षिक सत्र सुरु भएसँगै सञ्चालन हुने सो कार्यक्रमका लागि महानगरपालिकाले ३० लाख रुपैयाँ सहयोग उपलब्ध गराउने जनाइएको छ । गत आर्थिक बर्षमा पनि अस्पतालले १० हजार ६६६ जना विद्यार्थीको निशुल्क आँखा परीक्षण गरी चश्मा र औषधि वितरण गरेको थियो ।

उक्त अस्पतालले गत आर्थिक २०८१/८२ मा बहिरङ्ग र आपतकालीन् सेवासहित एक लाख ९३ हजार ७९८ बिरामीको आँखा परीक्षण गरेको थियो । सो आर्थिक वर्षमा आँखा अस्पतालले १० हजार ६७४ जनाको आँखाको शल्यक्रिया गरेको थियो । नेपाल आँखा अस्पतालले आफनो सिमरा, गोकर्णेश्वर, खोकना र भच्याकमा रहेको दृष्टिकेन्द्रमार्फत् स्थानीयलाई आँखा उपचार सेवा प्रदान गर्दै आएको छ ।

अस्पताल सञ्चालक समितिका अध्यक्ष डा गोपालप्रसाद पोखरेलले पछिल्ला बर्षमा अस्पतालमा बिरामीको सङ्ख्यामा उल्लेखनीय बृद्धि भएको जनाउँदै एकै दिन ८२ वटासम्म शल्यक्रिया गरिएको जानकारी दिए ।

अस्पतालले आँखा उपचारमा अन्तर्राष्ट्रिय जगतमा प्रयोग भएका नवीनतम् प्रविधि भित्र्याएको जानकारी उनले दिनुभयो । उपकरण व्यवस्थापनमा अस्पतालको खर्च वृद्धि भएपनि बिरामीसँग लिइने शुल्क वृद्धि नगरिएको उनको भनाइ छ । अस्पताल सञ्चालक समितिका सचिव युद्धध्वज सापकोटाले देशले आँखा उपचार सेवामा गरेको लगानीबाट शिक्षा, समानता, गरिबी निवारणलगायतका क्षेत्रमा दिगो विकास लक्ष्य प्राप्तिमा ठूलो योगदान पुग्ने बताए । कार्यक्रममा नेत्र रोग विशेषज्ञ डा प्रणव श्रेष्ठलाई वर्ष उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरियो । त्यस अवसरमा अस्पतालद्वारा प्रकाशित वार्षिक प्रतिवेदन पुस्तिका र क्यालेण्डर विमोचन गरियो ।

नेपाल आँखा अस्पतालको स्थापना विसं २०३० चैत २६ गते भएको थियो । रासस

# सात वर्षमा पनि छ किमी सडक कालोपत्र भएन

**फिक्कल ।**
झापाको दमकदेखि इलामको माङसेबुङ हुँदै पाँचथरको चिसोपानी पञ्चमी जोड्ने दमक–चिसोपानी सडक (फाल्गुनन्द मार्ग) को पहिलो खण्ड कालोपत्रे सम्झौता भएको सात वर्ष पुग्यो ।



निर्माण कम्पनीले निर्धारित समयमा काम गरेको भए अहिले झापा–इलाम सीमाबाट माङसेबुङ गाउँपालिका–४ वडा कार्यालय मार्चेबुङ पुग्ने सडक कालोपत्रे भइसक्दथ्यो । सो सडकखण्ड कालोपत्रेका लागि विसं २०७५ मा नै काम थाले पनि अझै अधुरै छ । सम्झौताको सात वर्ष पुग्दासमेत सडक कालोपत्रे नभएपछि स्थानीयलाई यात्रा गर्न सास्ती छ । यस खण्डमा करिब सढे छ किलोमिटर कालोपत्रे भएको छ भने एक किलोमिटर अधुरै छ ।

विसं २०७५ साउन २९ गते ३० महिनामा सक्नेगरी ठेकेदार कम्पनीसँग सम्झौता भएको सडक चौथो पटक म्याद थप गर्दा पनि सम्पन्न हुन नसकेको हो । अन्तिम पटक थपिएको म्याद २०८० साल असार मसान्तमै सकिएको छ । चारपटक म्याद थप्दासमेत काम पूरा भएको छैन । रु २२ करोड ५९ लाख ६४ हजारमा छ दशमलव २९ किलोमिटर सडक कालोपत्रे गर्ने ठेक्का सम्झौता भएको थियो । हाल ठेकेदार कम्पनीले दैनिक जरिवानामा काम गरिरहेको सडक डिभिजन दमकका डिभिजन प्रमुख श्यामकुमार यादवले बताए । अन्तिम पटक थपिएको म्याद साढे दुई वर्ष अघि नै सकिएको हो, उनले भने, अहिले दैनिक जरिवानामा काम गरिरहेको छ, अब एक किलोमिटर जति कालोपत्रे हुन बाँकी छ, ताकेता गरिरहेका छौँ । सो सडकको ३३ किलोमिटर ट्र्याक खुलेको छ । तर, सात वर्षमा छ दशमलव २९ किलोमिटर सडक कालोपत्रे नभएपछि स्थानीयवासी निरास छन् । हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे सडकका कारण यात्रुहरु जोखिमपूर्ण यात्रा गर्न बाध्य भएको माङसेबङ गाउँपालिका–३ का प्रविन लिम्बू बताउँछन् । हिउँदमा धुलोले र बर्खामा हिँडडुल गर्न समस्या छ, उनले भने, हामी केटाकेटी हुँदा निर्माण सुरु भएको सडकले पूर्णता नपाउँदा मजस्ता हजारौँले नागरिकले सास्ती खेप्नुपरेको छ ।

सो सडकको दोस्रो र तेस्रो खण्डको काम भने ठप्प छ । दोस्रो खण्ड १५ किलोमिटर र तेस्रो खण्ड ११ किलोमिटर सडक चौडा गर्ने र कालोपत्रे गर्ने ठेक्का लुम्बिनी–गणपति जेभीले पाएको थियो । दुवै खण्ड सडक कालोपत्रे गर्ने गरी २०७६ फागुन २ गते ठेक्का लागेको थियो । दोस्रो खण्ड ५४ करोड ४४ लाख ८७ हजारमा र तेस्रो खण्ड ५९ करोड १५ लाख ३५ हजारमा ठेक्का लागेको थियो । दुवै खण्डको म्याद २०७९ फागुन २ गते नै सकिएको थियो । तर, म्याद थप गर्दा दोस्रो खण्डमा करिब ६२ प्रतिशत र तेस्रो खण्डमा २८ प्रतिशत मात्र सकिएर ठेकेदार कम्पनी काम छोडेर हिँडेपछि काम ठप्प छ ।

ठेकेदार कम्पनीले काम नगरेपछि २०८० फागुनमा सडक विभागले लुम्बिनी–गणपति जेभीसँग ठेक्का सम्झौता रद्द गरी बैंक ग्यारेन्टी जफत गरेको थियो । त्यसविरुद्ध विपक्षी कम्पनीले उच्च अदालत पाटनमा रिट दायर गरे पनि अदालतले रिट खारेज गरिदिएको डिभजन कार्यालयले जनाएको छ । यसअघि कम्पनीले जिल्ला अदालत झापामा करार सम्झौताको यथावत परिपालना गराइपाउँ भनी अर्को मुद्दा दायर गरेको थियो । सो मुद्दाको सम्बन्धमा जिल्ला अदालत झापाले गत पुस २१ गते 'मध्यस्थताद्वारा विवाद समाधान गराउनुपर्ने' आदेश आएको छ । आदेशको कार्यान्वयन हुन बाँकी रहेको सडक डिभिजन प्रमुख यादवले बताए । रासस

# विद्यालय तहका किशोरीमा रक्तअल्पताको समस्या



**नेपालगञ्ज ।**
बाँकेका सबै स्थानीय तहमा विद्यालय तहका किशोरीमा रक्तअल्पताको समस्या देखिएको छ । जिल्ला स्वास्थ्य कार्यालय, बाँकेले यहाँका सबै पालिकामा गरेको ल्याब परीक्षणमा एक हजार ३३५ किशोरीमा केही मात्रामा, ६४६ किशोरीमा मध्यम र १२ जनामा पूर्णरुपले रक्तअल्पता देखिएको स्वास्थ्य कार्यालयकी सम्पर्क व्यक्ति बसन्ती मल्लले जानकारी दिए ।

उनले सबै स्थानीय तहमध्ये नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकामा रहेका विद्यालयमा सबैभन्दा बढी रक्तअल्पताको समस्या देखिएको उल्लेख गर्दै १८ विद्यालयमा सो परीक्षण भएको बताए । सम्पर्क व्यक्ति मल्लले परीक्षणका क्रममा किशोरीको रगतमा हेमोग्लोबीनको मात्रा कम भएर रक्तअल्पता भएका जिल्लामा ५९ प्रतिशत किशोरी रहेको औँल्याउदै ४१ प्रतिशत सामान्य रहेको बताए । रक्तअल्पता भनेको मानिसको शरीरको रगतमा हेमोग्लोबिनको मात्रा कम हुनु हो ।

सम्पर्क व्यक्ति मल्लले विद्यालय तहका १० देखि १९ वर्षका किशोरीमा रक्तअल्पताको स्वास्थ्य समस्या देखिएको जानकारी दिँदै बालिकाको खाजा खाने अभ्यासलाई परिवर्तन गर्न सुझाव दिए । 'बालिकाहरुले खाजाका रुपमा खाने चाउमीन, जङ्क फूड, चारचाउ, कुरकुरे, चटपटेलगायत मैदाका सामग्रीको खाजाले यस्तो समस्या निम्ताएको हुन सक्छ', उनले भने ।

कतिपय स्थानीय तहमा दिने दिवा खाजा चाउमिन, सुक्खा भुजा लगायतले सो समस्या निम्ताएको उल्लेख गर्दै स्वास्थ्य कार्यालयले आफ्ना बच्चालाई घरमा निर्माण गरिएको खाजा खुवाउन सुझाव दिएको छ । जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयमा भएको ल्याव परीक्षणमा सन्तुलित भोजन तथा खाजाको प्रयोग गर्न विद्यालयलाई आग्रह गरिएको जानकारी दिँदै सम्पर्क व्यक्ति मल्लले विद्यालय वरपर पाउने जङ्क फूडको वातावरणले असर गरिरहेको बताए ।

किशोरीबाहेक किशोरमा सो समस्या हुन सक्ने उल्लेख गर्दै उनले किशोरी आमा बन्ने भएकाले अहिले नै रगतको मात्रा कम हुनु भविष्यमा मातृ–शिशु स्वास्थ्यका लागि जोखिमपूर्ण हुने बताए । रगत अभावका कारण गर्भावस्था तथा प्रसुति अवस्थामा जटिलता, शिशुमा कम तौल, समयपूर्व जन्म, कुपोषण र मातृ–शिशु मृत्यु दरसमेत बढ्न सक्ने सम्पर्क व्यक्ति मल्लको भनाइ छ ।

माता–शिशु मृत्यु न्यूनीकरण तथा कुपोषणलाई जरैबाट नियन्त्रण गर्न किशोरीको स्वास्थ्यमा विशेष ध्यान दिनुपर्नेमा जोड दिँदै उनले विद्यालयमा नियमित आइरन चक्की वितरण, पोषण शिक्षा, स्वच्छता र महिनावारी स्वास्थ्य व्यवस्थापनलाई सशक्त बनाउँदै किशोरी स्वास्थ्य सुधारका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याए । रासस

# दुई दिन सार्वजनिक बिदालाई निरन्तरता दिन व्यवसायीहरुको माग

**चितवन ।**
साताको दुई दिन बिदा हुँदा आन्तरिक पर्यटन प्रवद्र्धन हुने अपेक्षा गरिएको छ । सरकारले यसअघि छोटो समयका लागि गरेको दुई दिन बिदाले पर्यटकीय क्षेत्रमा केही सुधार देखिएको थियो ।

सरकारले इन्धन खपत घटाउन शनिबार र आइतबार बिदा दिएको छ । इन्धनको खपत घटाउने भएकाले यो बिदामा पर्यटकको आगमन धेरै नबढे पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्र पूर्ववत् अवस्थामा फर्कने व्यवसायीहरु बताउँछन् ।

दुई दिन बिदा हुँदा कम्तीमा एक रात र दुई दिनको छोटो प्याकेज लिएर आन्तरिक पर्यटक हिँड्न पाउने छन् । क्षेत्रीय होटल सङ्घ चितवनका निवर्तमान अध्यक्ष दीपक भट्टराई इन्धन खपत घटाउन खोजिएकाले अहिले ठूलो प्रभाव नभए पनि यसलाई निरन्तरता दिन सकिएमा पर्यटकीय क्षेत्रमा राम्रो प्रभाव पर्ने बताउँछन् ।




उनले भने, साताको दुई दिन बिदालाई दीर्घकालीन बनाउन सरकारसँग हामीले आग्रह गर्दै आएका हौँ । आफू सङ्घको अध्यक्ष हुँदा यस विषयमा धेरै पहलकदमी भएको जनाउँदै उनले अहिलेको सरकारले यसलाई निरन्तरता दिन्छ भन्नेमा आशावादी रहेको पनि बताए । सङ्घका उपाध्यक्ष गुणराज थपलियाले विश्वबजार आइतबार पनि बन्द हुने भन्दै उनले यसलाई निरन्तरता दिन माग गरिएको बताए ।

उनले भने, सातामा दुई दिन बिदा गर्दा सरकारी व्ययभार घट्ने छ । यो विश्वभरिनै हुने गर्दछ । झण्डै दुई तिहाइको सरकार भएका कारण राजनीतिक स्थायित्व हुनेमा आशावादी भएका व्यवसायीहरु अबको दिन पर्यटकीय हिसाबले राम्रो हुनेमा विश्वस्थ छन् ।

होटल भिष्टा चितवनका सञ्चालक समेश सिलवाल सातामा दुई दिन बिदाले निरन्तरता पाउनेमा ढुक्क छन् । उनले भने, आन्तरिक पर्यटक वढ्नेमा हामी ढुक्क छौँ । शुक्रबार र शनिबार अहिले पनि आन्तरिक पर्यटकको आगमन बढी हुने गरेको भन्दै उनले अब आइतबार पनि पर्यटकको सङ्ख्या बढ्ने बताए । वनवास रिसोट चितवनका महाप्रबन्धक प्रकाश न्यौपानेले तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सातामा दुई दिन बिदा दिन सुरु गरिएको भए पनि निरन्तरता दिन नसकिएको बताए ।

पछि तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई हुँदा केही दिन बिदा दिइएको जनाउँदै उनले यसलाई निरन्तरता दिन आग्रह गरे । उनले भने, दुई दिन बिदा दिँदा आन्तरिक पर्यटन व्यवसाय चलायनमान हुन्छ । राज्यको भार घट्छ । यसलाई निरन्तरता दिइनेमा आफू विश्वस्त भएको पनि उनले बताए ।

जिल्लाको सौराहा, पटिहानी, मेघौली, भरतपुरलगायतका क्षेत्रमा आन्तरिक र बाह्य पर्यटकहरु आउने गर्दछन् । दुई दिन बिदा हुँदा देशका विभिन्न जिल्लाबाट आन्तरिक पर्यटकहरु घुम्न आउन सहज हुन्छ । रासस

# कृषिमन्त्रीद्वारा कालीमाटी बजारको अनुगमन

**काठमाडौँ ।**
कृषि तथा पशुपन्छी विकास र वन तथा वातावरणमन्त्री गिता चौधरीले कालीमाटीस्थित फलफूल तथा तरकारी बजारको स्थलगत निरीक्षण गरेकी छन् । बजार व्यवस्थापनमा कमजोरी भएको बारे गुनासो आएपछि मन्त्री चौधरीले बिहिबार कालीमाटी पुगेर तरकारी बजारको अनुगमन गरेकी हुन् । बजार अनुगमनका क्रममा इजाजतपत्र लिएका व्यवसायीको नाममा अन्य व्यक्तिले भाडामा लिएर पसल सञ्चालन गरेको पाइएको मन्त्री चौधरीको सचिवालयले जनाएको छ । साथै, विषादी परीक्षण नभई तरकारी उपभोक्तासम्म पुग्ने गरेको, बिलविजकमा अनियमितता, इजाजतपत्र नवीकरण नगरेका पसल सञ्चालनमा रहेको जस्ता समस्या भेटिएका छन् ।

मन्त्री चौधरीले कालीमाटी बजारअन्तर्गत थोक बजारका ६१०, ६४५, ६९३, ७०१, ७०४, ७११, ७१८ नम्बरलगायतका पसलमा निरीक्षण गर्दा इजाजत लिएका व्यवसायी स्वयं उपस्थित नभएको पाइएको छ । कतिपय स्थानमा एकै दर्तामा दुइदेखि तीन जनाले व्यवसाय सञ्चालन गरेको भेटिएको छ । त्यस्तै, माछा पसलमा पनि उस्तै प्रवृत्ति देखिएको मन्त्री चौधरीले २४, १३ 'ख', ११ 'क', १०, ११, १० 'ख' नम्बरका माछा पसलको निरीक्षण गरे । निरीक्षणका क्रममा चार व्यापारीले आपूर्तिकर्ताबाट ल्याइएको माछा सोही बजारमा थोक रूपमा बिक्री गर्ने क्रममा बिलविजकमा अनियमितता प्रयोग गरेको पाइएको छ । मन्त्री चौधरीले बजार व्यवस्थापनमा देखिएका अनियमितता तुरुन्त सुधार गर्न सम्बन्धित निकायलाई निर्देशन दिइन् । साथै, उपभोक्ताको स्वास्थ्य र अधिकारमा असर पर्ने गतिविधि कडाइका साथ नियन्त्रण गरिने मन्त्री चौधरीको सचिवालयले जनाएको छ । रासस

# बढ्दो डिजिटल र लैङ्गिक हिंसाप्रति चिन्ता

## सुरक्षित डिजिटल अभ्यास र प्रभावकारी नीति आवश्यक

**मधेशदृष्टि**
**वीरगंज।**
बढ्दो लैङ्गिक तथा डिजिटल हिंसाले समाजमा गम्भीर चुनौती सिर्जना गरिरहेको भन्दै बारा र पर्साका महिला जनप्रतिनिधिहरूले गहिरो चिन्ता व्यक्त गरेका छन् । उनीहरूले यस्तो हिंसाको नियन्त्रणका लागि स्पष्ट नीति, व्यापक जनचेतना र सुरक्षित डिजिटल अभ्यास अपरिहार्य भएकोमा जोड दिएका छन् । वीरगंजमा महिला पुनस्र्थापना केन्द्र (ओरेक) नेपाल द्वारा आयोजित लैङ्गिक उत्तरदायित्व, समावेशी शासन तथा डिजिटल हिंसासम्बन्धी तीन दिने तालिममा सहभागी जनप्रतिनिधिहरूले हिंसाका विभिन्न रूप, त्यसका कारण र नियन्त्रणका उपायबारे विस्तृत छलफल गरेका छन्। छलफलका क्रममा प्रभावकारी नीति निर्माणसँगै त्यसको कडाइका साथ कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।



बिहीबारदेखि सुरु भएको उक्त तालिममा बाराको आदर्शकोतवाल गाउँपालिका र पर्साका वीरगंज महानगरपालिका, पकाहमैनपुर तथा बिन्दबासिनी गाउँपालिकाका निर्वाचित महिला प्रतिनिधिहरूको सहभागिता रहेको छ । सहभागीहरूले विशेषगरी सामाजिक सञ्जालमार्फत हुने दुव्र्यवहार, अपमानजनक अभिव्यक्ति र चरित्र हत्या जस्ता घटनाहरू बढ्दै गएको भन्दै त्यसबाट जोगिने उपाय तथा कानुनी प्रावधानबारे जानकारी अपरिहार्य भएको बताएका छन्।

ओरेक नेपालकी परियोजना संयोजक मिलन कार्कीका अनुसार महिला जनप्रतिनिधिहरूलाई उनीहरूको अधिकार, कर्तव्य र जिम्मेवारीबारे स्पष्ट बनाउन तालिम सञ्चालन गरिएको हो । उनले डिजिटल माध्यमको सुरक्षित तथा प्रभावकारी प्रयोग, अनलाइन हिंसाबाट जोगिने उपाय र डिजिटल साक्षरता अभिवृद्धिमा विशेष ध्यान दिइएको जानकारी दिइन्।

तालिममा सहभागी विज्ञ गीता सुवेदीले स्थानीय तहमा नीति तथा कार्यक्रम कार्यान्वयन, लैङ्गिक संवेदनशील योजना निर्माण र पालिकाबीच सहकार्यका विषयमा प्रशिक्षण दिइरहेकी छन् । उनका अनुसार डिजिटल प्लेटफर्मले अवसरसँगै चुनौती पनि थपेको छ, तर सही रूपमा प्रयोग गर्न सके यसले महिलाको आवाज सशक्त बनाउने प्रभावकारी माध्यम बन्न सक्छ।

त्यस्तै, ओरेक नेपालकी मधेश प्रदेश संयोजक बीना कुमारी सिंहले तालिममा लैङ्गिक हिंसा न्यूनीकरणमा जनप्रतिनिधिको भूमिका, लैङ्गिकमैत्री बजेट निर्माण तथा समावेशी योजना तर्जुमा जस्ता महत्वपूर्ण विषय समेटिएको बताइन् । ओरेक नेपालले मधेशसहित कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानीय तहमा महिला सशक्तीकरण र लैङ्गिक हिंसा नियन्त्रणका कार्यक्रम सञ्चालन गर्दै आएको छ।

तीन दिनसम्म सञ्चालन हुने यस तालिमले महिला जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमा लैङ्गिकमैत्री नीति निर्माण र सुरक्षित डिजिटल वातावरण प्रवद्र्धनमा ठोस योगदान पुऱ्याउने विश्वास आयोजकले व्यक्त गरेका छन्।

# कञ्चनपुर कारागारमा कैदीबन्दीबीच झडप

## ५ जना घाइते, १५ जनालाई अन्यत्र स्थानान्तरण



**मधेशदृष्टि**
**धनगढी**
कञ्चनपुर कारागारमा कैदीबन्दीबीच झडप भएपछि १५ जनाको स्थानान्तरण गरिएको छ । बुधबार आपसी मनमुटावको विषयमा दुई पक्षबीच झडप हुँदा पाँच जना घाइते भएका थिए। झडपमा परेर घाइते भएका तीन जना समेतका १५ जनालाई बुधबार नै नौबस्ता कारागार बाँके स्थानान्तरण गरिएको कञ्चनपुर कारागार प्रशासनले जनाएको छ।

जेलर हेमन्ती साउँदले स्थानान्तरणको प्रक्रिया पुऱ्याएर नौबस्ता सरुवा गरिएको बताइन् । उनकाअनुसार बुधबारको झडपमा घाइते भएका भुवन नाथ, भुवन ऐर र प्रकाश घरेडीसहितका १५ जनालाई नौबस्ता पठाइएको छ। झडपका क्रममा घाइते भएका अन्य दुई जना दाजु दमाई र आयुश बम भने कञ्चनपुरमै छन् । महाकाली प्रादेशिक अस्पतालमा उपचारपछि उनीहरु पनि डिस्चार्ज भइसकेका छन्।

कञ्चनपुर कारागारमा यसअघि गत पुसमा समेत कैदीबन्दीबीच झडप भएको थियो । कारागारभित्र बाहिरबाट मदिरा तथा लागूऔषध भित्र्याउने र महंगोमा कारोबार गरेको विषयमा कारागार चौकीदार र नाइकेबीच विवाद भएको थियो। सोही विवादका क्रममा झडप भएको बताइएको छ । तर जेलर साउदले भने बुधबारको झडपको कारण 'आपसी विवाद' भएको बताएकी छन्।

# दुई दिने बिदाले शैक्षिक क्यालेण्डरमा

## असर पार्नेमा नेसनल प्याब्सनको चिन्ता

**काठमाडौं।**
राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (नेसनल प्याब्सन)ले सरकारको दुई दिने सार्वजनिक बिदासम्बन्धी निर्णयले विद्यालय तहको शैक्षिक क्यालेण्डरमा दीर्घकालीन असर पार्ने जनाएको छ।

नेसनल प्याब्सनका अध्यक्ष गीता राणा क्षेत्री र महासचिव प्रतापबहादुर थापाले बिहिबार विज्ञप्ति जारी गर्दै थप बिदाका कारण निर्धारित पाठ्यक्रम तोकिएको समयमा सम्पन्न गर्न चुनौती उत्पन्न गरेको उल्लेख गरेका छन्।

नेपाल सरकार, मन्त्रिपरिषद्ले यही चैत २२ गते गरेको निर्णयअनुसार पेट्रोलियम पदार्थको खपत घटाउन र वैदेशिक मुद्रा सञ्चिति जोगाउन हप्तामा शनिबार र आइतबार सार्वजनिक बिदा दिने तथा शैक्षिकसत्र वैशाख १५ गतेदेखि सुरु गर्ने निर्णय गरिएको थियो।

दैनिक ज्यालादारीमा आश्रित अभिभावकका लागि दुई दिने बिदा व्यवस्थापन गर्न कठिन हुने र यसले सामाजिक तथा आर्थिक असर पार्ने सो संस्थाको दाबी छ।

यी चुनौतीबीच सरकारको निर्णय कार्यान्वयन गर्दै आफ्ना विद्यालयलाई आग्रह गर्दै नेशनल प्याब्सनले नयाँ भर्ना वैशाख २ गतेदेखि र पठनपाठन सञ्चालन गर्न आग्रह गरेको छ।

एक शैक्षिकसत्रमा कम्तीमा २२० दिन पठनपाठन कायम हुनुपर्ने शिक्षा नियमावलीमा व्यवस्था छ। रासस

# हरिद्वारबाट नेपाल आउँदै गरेको बस दुर्घटना

## ९ जना घाइते, ६ को अवस्था गम्भिर

**मधेशदृष्टि**
**वीरगंज।**
भारतको हरिद्वार बाट नेपालतर्फ गइरहेको 'नेपाल–भारत मैत्री सेवा' बस बुधबार बिहान करिब २ बजे गदरपुर नजिक दुर्घटनामा परेको छ। गोपाल नगर टी–जंक्सन आसपास बस अनियन्त्रित भई सडकबाट तल खेतमा खस्दा पल्टिएको हो । युके १००५३ नम्बरको उक्त बसमा चालकसहित ६५ जना सवार थिए, जसमा अधिकांश यात्रु नेपालको दाङ जिल्लाका रहेको प्रारम्भिक विवरणले देखाएको छ।



प्रारम्भिक अनुसन्धानअनुसार दुर्घटनाको समयमा वर्षा भइरहेको थियो भने चालकलाई निद्रा लागेको हुनसक्ने अनुमान गरिएको छ।

बस पल्टिएपछि यात्रुहरूबीच अफरातफरी मच्चिएको थियो र धेरैजना भित्रै अड्किएका थिए । गदरपुर कोतवालीका प्रहरी प्रमुख सञ्जय पाठकका अनुसार सूचना प्राप्त हुनेबित्तिकै प्रहरी टोलीसँगै आपतकालीन सेवा (११२ र १०८ एम्बुलेन्स) घटनास्थलमा पुगेको थियो । स्थानीयवासीको सहयोगमा बसका सिसा फुटाएर भित्र फसेका यात्रुहरूको उद्धार गरिएको थियो।

दुर्घटनामा परी ९ जना घाइते भएका छन्, जसमध्ये ६ जनाको अवस्था गम्भीर रहेको बताइएको छ । घाइतेमध्ये एक महिनाकी बालिका नव्या पनि परेकी छन् । गम्भीर घाइतेमध्ये दुई जनाको अवस्था चिन्ताजनक भएपछि उनीहरूलाई थप उपचारका लागि रुद्रपुर स्थित ठूला अस्पतालमा पठाइएको छ, र दुवै नेपाली नागरिक हुन् । अन्य घाइतेहरूको उपचार स्थानीय अस्पतालमै भइरहेको छ।

दुर्घटनापछि बाँकी यात्रुहरूलाई सुरक्षित स्थानमा सारिएको छ । बस कम्पनीलाई जानकारी गराइसकिएको छ भने यात्रुहरूलाई गन्तव्यसम्म पुऱ्याउन वैकल्पिक बसको व्यवस्था गरिँदैछ । सडक अवरुद्ध हुन नदिन राजमार्ग अधिकारीहरूले क्रेन प्रयोग गरी दुर्घटनाग्रस्त बस हटाएका छन् र हाल यातायात सुचारु रहेको छ । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

# सिरहा नगरपालिका:

## मेयर यादवविरुद्ध पक्राउ पुर्जी जारी



**मधेशदृष्टि**
**सिरहा ।**
नवीनकुमार यादव विरुद्ध कुटपिट घटनामा पक्राउ पुर्जी जारी गरिएको छ । नगरपालिकामा कार्यरत कार्यालय सहयोगीमाथि कुटपिट गरेको आरोपमा उनीविरुद्ध मुद्दा दर्ता भएपछि जिल्ला प्रशासन कार्यालय सिरहा बाट पक्राउ अनुमति लिइएको हो ।

प्रहरीका अनुसार, सोमबार बिहान करिब ९ बजे हाजिरी गरिरहेका ५० वर्षीय कार्यालय सहयोगी रामशरण यादवलाई मेयर यादवले गालीगलौज गर्दै लात र मुक्काले कुटपिट गरेका थिए । उक्त घटनामा पीडितको हड्डी भाँचिनुका साथै शरीरका विभिन्न भागमा चोट लागेको जनाइएको छ ।

घाइते रामशरण यादवको हाल विराटनगरस्थित अस्पतालमा उपचार भइरहेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक बासुदेव पाठकका अनुसार अभद्र व्यवहारसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी पक्राउ पुर्जी जारी गरिएको र मेयर यादवको खोजीकार्य भइरहेको छ ।

यसैबीच, सोही घटनामा संलग्न रहेको आरोपमा नगरपालिकाका कर्मचारी रोहित मेस्तर भने पक्राउ परिसकेको प्रहरीले जनाएको छ ।

# सरकारी कार्यालयमा

## छड्के अनुगमन

## सेवा प्रवाह सुधार्न निर्देशन



**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्ला प्रशासन कार्यालय महोत्तरीको टोलीले जिल्लाभित्र रहेका विभिन्न सरकारी कार्यालयहरूमा छड्के अनुगमन गरेको छ ।

सेवाग्राहीबाट गुनासो बढ्दै गएको र सेवा प्रवाहमा ढिलासुस्ती भइरहेको सूचनाको आधारमा अनुगमन गरिएको प्रशासनले जनाएको छ ।

अनुगमनका क्रममा कार्यालयहरूमा कर्मचारीको उपस्थिती, सेवा प्रवाहको अवस्था, नागरिकमैत्री व्यवहार तथा अभिलेख व्यवस्थापनको अवस्थाबारे निरीक्षण गरिएको थियो ।

यस क्रममा केही कार्यालयमा कर्मचारी अनुपस्थित रहेको, सेवाग्राहीलाई अनावश्यक रूपमा ढिलाइ गराइएको तथा सूचना बोर्ड अद्यावधिक नभएको पाइएको स्रोतले जनाएको छ । टोलीले सम्बन्धित कार्यालयका प्रमुखहरूलाई सेवा प्रवाहलाई छिटो, पारदर्शी र प्रभावकारी बनाउन निर्देशन दिएको छ । साथै सेवाग्राहीसँग शिष्ट व्यवहार गर्न, तोकिएको समयमै सेवा उपलब्ध गराउन तथा गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन विशेष जोड दिइएको छ ।

जिल्ला प्रशासन कार्यालयले यस्ता अनुगमनलाई निरन्तरता दिने जनाएको छ । साथै, कमजोरी दोहोरिए कारबाही प्रक्रिया अघि बढाइने चेतावनीसमेत दिएको छ ।

# उद्यमशीलता सीप विकास तालिम सुरु

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपालस्थित अमेरिकी दूतावासको आयोजनामा देशव्यापी उद्यमशीलता सीप–विकास कार्यक्रम अन्तर्गत मधेशको राजधानी जनकपुरधाममा कार्यक्रम औपचारिक रूपमा सुरु भएको छ।

कार्यक्रम इन्टरनेशनल डेभलपमेन्ट इन्स्टिच्युट र आदयन्त एड्भाइजरी सँगको साझेदारीमा सञ्चालन गरिएको हो । इन्टरनेशनल डेभलपमेन्ट इन्स्टिच्युटका निर्देशक रोशन घिमिरे का अनुसार प्रारम्भिक चरणमा रहेका उद्यमीहरूलाई दिगो व्यवसाय निर्माण, लगानी आकर्षित गर्ने क्षमता विकास, निर्यातमुखी रणनीति तथा कृत्रिम बुद्धिमत्ताको प्रयोगमार्फत व्यवसाय विस्तार गर्ने सीप प्रदान गरिनेछ।



उनले तालिमका सत्रहरू व्यवसायका आधारभूत पक्ष, बजार पुष्टि, लगानीकर्तासँग प्रभावकारी संवाद, डिजिटल बजारीकरण तथा निर्यात तयारीमा केन्द्रित रहने जानकारी दिए। कार्यक्रममा मधेशका आठै जिल्लाबाट ३५ जना युवा उद्यमीहरूको सहभागिता रहेको छ। यसले उद्यमशीलता प्रवद्र्धन तथा निजी क्षेत्रको विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

यो कार्यक्रम लुम्बिनी प्रदेशको नेपालगञ्जबाट सुरु भई धनगढी, विराटनगर, जनकपुरधाम हुँदै हेटौंडा, भैरहवा र पोखरामा क्रमशः सञ्चालन हुनेछ । सातै प्रदेशका करिब २०० उद्यमीहरू प्रत्यक्ष कार्यशाला तथा भर्चुअल प्रशिक्षणमा सहभागी हुने लक्ष्य राखिएको छ।

कार्यक्रमअन्तर्गत सञ्चालन हुने प्रशिक्षण सत्रहरूले उद्यमीहरूलाई आफ्नो नवीन सोचलाई व्यवहारिक व्यवसायमा रूपान्तरण गर्न, रोजगारी सिर्जना गर्न र दीर्घकालीन आर्थिक वृद्धिमा योगदान पुऱ्याउन सहयोग गर्ने विश्वास गरिएको छ।

# मानव बेचबिखन तथा ओसारपसार

## आरोपमा चारजना पक्राउ

**मधेशदृष्टि**
**हेटौँडा।**
मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा चार जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार मकवानपुरको बकैया गाउँपालिका–१२ की ३० वर्षीया वास्नामाया योञ्जन, चन्द्रागिरि नगरपालिका–१४ नैकापका २३ वर्षीय आयुष केसी, दोलखाको भीमेश्वर नगरपालिका–४ का सुष्मा तामाङ र धादिङको थाक्रे गाउँपालिका–७ का ४२ वर्षीय हरिशम्शेर रायमाझी पक्राउ परेका छन् । उनीहरूलाई मानव बेचबिखन अनुसन्धान ब्युरोबाट परिचालन भएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो । अभियुक्तहरूले प्रलोभनमा पारेर नाबालिगलाई वेश्यावृत्तिमा लगाएको तथा केहीलाई हङकङमा आकर्षक तलबमा बेयराको काममा लगाइदिने प्रलोभनमा पारी कम्बोडिया पुर्याएको अनुसन्धानबाट खुलेको जनाइएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन